कम्पनी ऐन, २०६३ अन्तर्गत संस्थापित र संचालित

# शुभम पावर लिमिटेड
# Shuvam Power Limited

पोष्ट बक्स नं. १४१६५, वडा नं.३२, अनामनगर, काठमाण्डौं, नेपाल ।
फोन नं.:४२३८१५९, फ्याक्स नं.४३७३०२०
E-mail: mail@shuvamhydro.com, Website: www.shuvamhydro.com

को

(धितोपत्र सम्बन्धी ऐन, २०६३ को दफा ३० तथा कम्पनी ऐन, २०६३ को दफा २३ अन्तर्गत प्रकाशित)

## विवरण-पत्र

**कम्पनीको नेटवर्थ तथा प्रति शेयर आम्दानीमा भएको वास्तविक तथा प्रक्षेपित औसत प्रतिफल देहाय बमोजिम रहेकोछ :**

| विवरण | वास्तविक | | | प्रक्षेपित | | |
|---|---|---|---|---|---|---|
| | आ. व. २०७१/०७२ | आ. व २०७२/०७३ | आ. व २०७३/०७४ | आ. व. २०७४/०७५ | आ. व. २०७५/०७६ | आ. व. २०७६/०७७ |
| प्रति शेयर नेटवर्थ (रु.) | १.१७ | ५२.७४ | ७४.६८ | ९३.७२ | १००.६० | १०७.५३ |
| प्रति शेयर आम्दानी (रु.) | (१७.७०) | २.५५ | २१.९४ | ११.४४ | ६.८८ | ६.९३ |
| संचित जगेडा तथा कोष/(घाटा) | (६९,६६३.८७) | (६६,१६४.५३) | (३५,४४६.७६) | (१२,५५९.६०) | १,२०५.४९ | १५,०६८.३२ |

यस तल्लो पिलुवा खोला साना जल विद्युत आयोजना निर्माण सम्पन्न भइसक्दा आयोजनाको कूल लागत रु.१४,३९,९०,८८९।- रहेको छ र प्रति मेगावाट लागत रु.१४,५४,४५,३४२।- रहेको छ साथै लगानी फिर्ता हुने अवधि (Pay Back Period) ७.८५ वर्ष र (Discounted Pay Back Period) १६.८० वर्ष रहेको छ । एक मेगावाट भन्दा साना आयोजना भएकोले यस आयोजनाको उत्पादन अनुमतिको बहाल रहने अवधि तोकिएको छैन ।

कम्पनीले आफ्नो जारी पूंजी रु.२०,००,००,०००/–(अक्षरेपी बीसकरोड रुपैया मात्र) मध्ये जारी पूँजीको १०% अर्थात रु.२,००,००,०००/–(अक्षरेपी दुई करोड रुपैया मात्र) रकम बराबरको रु.१००/–अंकित दरको २,००,०००कित्ता साधारण शेयर आयोजना प्रभावित क्षेत्र(उद्योग प्रभावित क्षेत्र) संखुवासभाजिल्लालाई धितोपत्र दर्ता तथा निष्कासन नियमावली, २०७३ को अधिनमा रही निष्कासन गरिएको छ ।

**दरखास्तसाथ प्रति साधारण शेयर रु. १००/–का दरले शतप्रतिशत भुक्तानी माग गरिएको ।**

### लगानीमा हुने जोखिम सम्बन्धी उद्घोषण :

धितोपत्रमा गरिने लगानीमा जोखिम हुने भएकोले त्यस्तो जोखिमको मूल्याङ्कन गर्ने प्रमुख दायित्व लगानीकर्ता स्वयंको हुनेछ र धितोपत्रको निष्कासन मुल्यले सूचिकरण पश्चात धितोपत्र बजारमा हुने कारोवार मूल्य नजनाउने हुँदा यस विवरण-पत्रको **दफा ग.८.** मा उल्लेखित जोखिमहरु समेतको अध्ययन गरेर मात्र लगानी सम्बन्धी निर्णय लिन सुझाव गरिन्छ ।

### नियमन निकायको जवाफदेहीता नरहने उद्घोषण :

यस विवरण-पत्रमाउल्लेखित धितोपत्र सार्वजनिक निष्कासन (उद्योग प्रभावित क्षेत्रका बासिन्दाहरु) को लागि तयार गरिएको यस विवरण-पत्रलाई धितोपत्र सम्बन्धी ऐन, २०६३ बमोजिम नेपाल धितोपत्र बोर्डले स्वीकृती प्रदान गरेको छ । यसरी बोर्डले विवरणपत्र स्वीकृती प्रदान गरेको कारणबाट कसैले पनि नेपाल धितोपत्र बोर्ड, कम्पनी रजिष्ट्रारको कार्यालय वा सम्बद्ध अन्य नियमन निकायले विवरणपत्रमा उल्लिखित कुराको सत्यता वा निष्कासनकर्ता वा परियोजनाको आर्थिक सक्षमताको बारेमा कुनै प्रकारको प्रत्याभूत गरेको वा जिम्मेवारी लिएको मानिने छैन ।

**यस विवरण-पत्र मार्फत उद्योग प्रभावित क्षेत्रका बासिन्दाहरुलाई बिक्री वितरण गरिने साधारण शेयरहरु बाँडफाँट भएको मितिले तीन बर्ष पूरा नभएसम्म बिक्री वितरण गर्न पाइने छैन ।**

नेपाल धितोपत्र बोर्डबाट विवरणपत्र स्वीकृत भएको मिति:२०७४/१२/२८ निष्कासन खुल्ला हुनेमिति २०७४/०२/२०
कम्पनी रजिष्ट्रारको कार्यालयमा विवरणपत्रदर्ता भएको मिति २०७४/०१/३१ निष्कासन बन्द हुने मिति (छिटोमा) २०७४/०३/०३
निष्कासन बन्द हुने मिति (ढिलोमा) २०७४/०३/२४

**यस विवरण-पत्र मार्फत उद्योग प्रभावित क्षेत्र संखुवासभा जिल्लाका लागि निष्कासन गर्नका लागि ईक्रा नेपाल लि. बाट"कमजोर आधारहरु जनाउने ईक्रा एनपि आइपिओ ग्रेड ५" प्राप्त गरेको छ । सो सम्वन्धी विवरण यस विवरण-पत्रको दफा ग २२ (ट) मा उल्लेख गरिएको छ ।**

CBIL Capital Ltd.
सि बि आई एल क्यापिटल लि.
*Spreading Prosperity, Enriching Lives.*

**धितोपत्र निष्कासन तथा बिक्री प्रबन्धक:**

सि.वि.आई.एल. क्यापिटल लिमिटेड
बाटुलेघर, डिल्लीबजार - ३३, काठमाण्डौं ।
फोन नं. ४४१८६६७ फ्याक्स नं.४२३९३०६
**E-mail:info@cbilcapital.com**
**URL :www.cbilcapital.com**

**ख.१ विवरणपत्रमा प्रयोग भएका प्राविधिक तथा अन्य शब्दावलीको परिभाषाः**

क) "विवरणपत्र" भन्नाले कम्पनी ऐन, २०६३ को दफा २३ बमोजिम र धितोपत्र सम्बन्धी ऐन, २०६३ को दफा ३० बमोजिम प्रकाशित विवरणहरु भएको पुस्तिका सम्झनु पर्छ ।

ख) "धितोपत्र निष्कासन तथा बिक्री प्रबन्धक" भन्नाले सि.वि.आई.एल. क्यापिटल लिमिटेड, डिल्लीबजार, काठमाण्डौंलाई सम्झनु पर्छ ।

ग) "धितोपत्र"भन्नाले संगठित संस्थाले जारी गरेको शेयर, स्टक, बोण्ड, डिवेन्चर, डिवेन्चर स्टक वा सामुहिक लगानी योजना सम्वन्धी प्रपाण पत्र वा नेपाल सरकारले जारी गरेको वा नेपाल सरकारको जमानतमा संगठित संस्थाले जारी गरेको ऋणपत्र, वचतपत्र वा बण्ड सम्झनुपर्छ र सो शब्दले धितोपत्रबजार मार्फत कारोबार हुन सक्ने वा हस्तान्तरण हुन सक्ने भनि बोर्डले तोकिदिएको अन्य धितोपत्र वा त्यस्तो धितोपत्र खरिद, बिक्री वा विनिमय गर्ने सक्ने अधिकारपत्र समेतलाई जनाउंछ ।

घ) "संगठित संस्था/कम्पनी" भन्नाले निष्कासनकर्ता कम्पनी शुभम पावर लिमिटेड,वडानं.३२,अनामनगरकाठमाण्डौलाई सम्झनु पर्छ ।

ङ) "संकलन केन्द्र" भन्नाले सार्वजनिक निष्कासन (उद्योग प्रभावित क्षेत्रका बासिन्दाहरु) को लागि तयार गरिएको विवरण-पत्र र दरखास्त फारम प्राप्त गर्न सकिने तथा दरखास्त फारम साथ रकम बुझाउन सकिने गरी तोकिएका संकलन केन्द्रहरुलाई सम्झनु पर्छ ।

च) "निष्कासन बैंक" भन्नाले निष्कासन तथा बिक्री प्रबन्धकसँग सम्झौता गरी धितोपत्र निष्कासनको क्रममा रकम जम्मा गर्न जिम्मेवारी लिने बाणिज्य बैंकलाई सम्झनु पर्छ ।

छ) "नियमन निकाय" भन्नाले नेपाल धितोपत्र बोर्ड,कम्पनी रजिष्ट्रारको कार्यालय, उद्योग विभाग तथाविद्युत विकास विभागलाई सम्झनु पर्छ ।

ज) "संस्थापक, संचालक, कार्यकारी प्रमुख तथा ब्यबस्थापन" भन्नाले शुभम पावर लिमिटेडको संस्थापक, संचालक, कार्यकारी प्रमुख तथा ब्यबस्थापनलाई सम्झनु पर्छ ।

झ) "बोर्ड" भन्नाले नेपाल धितोपत्र बोर्डलाई सम्झनु पर्छ ।

ञ) "स्थानियवासी"भन्नाले आयोजना प्रभावित क्षेत्र अर्थात संखुवासभामा स्थायी बसोवास गर्ने नेपाली नागरिकलाई जनाउँछ।

**ख.२.<u>विवरण-पत्र तथा दरखास्त फारम प्राप्त गर्ने र दरखास्त साथ रकम बुझाउने स्थान :</u>**

यस विवरण–पत्र मार्फत निष्काशित साधारण शेयर विक्रि वितरणका लागी देहाय बमोजिम स्थानहरुमा दरखास्त पाउन, रकम जम्मा गर्न र दरखास्त बुझाउन सकिने व्यवस्था गरिएको छ ।

(क) निष्कासन तथा बिक्री प्रवन्धकले तोकेका ४ चार स्थानहरुः

१. शुभम पावर लि., चैनपुर, संखुवासभा ।
२. एनएमबी माइक्रोफाइनान्स वित्तीय संस्था लि., टुम्लिङ्गटार, संखुवासभा ।
३. एनएमबी माइक्रोफाइनान्स वित्तीय संस्था लि., मामलिङ्ग, संखुवासभा ।
४. प्राइम कमर्सियल बैंक लि.को शाखाहरु क्रमशः खाँडवारी र टुम्लिङ्गटार ।
५. एभरेष्ट बैंक लि. खाँडवारी ।
६. सेन्चुरी कमर्सियल बैंक लि. खाँडवारी ।

**<u>दरखास्त फारम प्राप्त गर्नका लागि प्रति दरखास्त फारम रु.२/-(दुई रुपैया) शुल्क बुझाउनु पर्नेछ ।</u>**

**ग.१.धितोपत्र निष्कासन तथा बिक्री प्रबन्धकको उद्घोषण :**

हामीलाई शुभमपावर लिमिटेडतथा यसका संस्थापक/संचालकहरुले उपलब्ध गराएको विवरण तथा जानकारीहरुको आधारमा यस संस्थाको ब्यबस्थापकीय, प्राविधिक र आर्थिक पक्षको विश्लेषणात्मक अध्ययनबाट हामी सन्तुष्ट हुनुको साथै विवरणपत्रमा लेखिएका आर्थिक विवरणहरु र अन्य जानकारी तथ्यगत, पूर्ण र सही देखिएकोले लगानीकर्ताहरुलाई लगानी सम्बन्धी निर्णय लिन मद्दत पुग्ने कुराप्रति विश्वस्त भई हामीले यो विवरणपत्र स्वीकृतीका लागि नेपाल धितोपत्र बोर्डमा "धितोपत्र सम्बन्धी ऐन २०६३" तथा "धितोपत्र दर्ता तथा निष्कासन नियमावली, २०७३" अनुरुपको योग्यता पुगेको प्रतिबद्धतापत्र (Due Diligence Certificate) प्रस्तुत गरेका छौं ।

**ग.२.संगठित संस्थाको उद्घोषण :**

**ग.२.१.संचालकको जिम्मेवारी तथा जवाफदेहिता सम्बन्धी उद्घोषण :**

यो विवरण-पत्र हामीले पुनरावलोकन गरी अनुमोदन गरेको हुनाले यस विवरणपत्रमा उल्लेख गरिएका विवरण तथा जानकारीहरुका साथै निष्काशन तथा बिक्री प्रबन्धकलाई दिएको वित्तीय विवरण, अन्य विवरण, जानकारी तथा कागजातहरुका सत्यता र शुद्धता प्रति र धितोपत्र दर्ता तथा निष्कासन अनुमति प्रयोजनकालागि नेपाल धितोपत्र बोर्डमा पेश गरिएको विवरण-पत्र र सो सँग सम्बन्धित अन्य विवरण तथा जानकारीहरुको शुद्धता तथा सत्यताप्रति यस विवरण-पत्रमा हस्ताक्षर गर्ने हामी संचालकहरु ब्यक्तिगत वा सामूहिक रुपमा जवाफदेहिता बहन गर्दछौं र धितोपत्र निष्कासनका लागि तोकिएका शर्त तथा आवश्यकताहरुको सम्बन्धमा आवश्यक जानकारी लिई हामी उद्घोषण गर्दछौं की तोकिएका शर्त तथा आवश्यकताहरु सबै पालना गरेकाछु/छौं र लगानीकर्ताहरुलाई लगानी सम्बन्धी सूसुचित निर्णय लिन आवश्यक कुनै विवरण, सूचना तथा जानकारीहरु लुकाएका छैनौं ।

**ग.२.२.संगठित संस्थाको जवाफदेहिता सम्बन्धी उद्घोषण :**

यस शुभम पावर लिमिटेडले प्रकाशित गरेको विवरण–पत्र,सार्वजनिक प्रस्ताव, विज्ञापन वा अन्य कुनै सूचनामा उल्लेख भएका विवरणहरु बाहेक संगठित संस्थाको बारेमा प्रकाशित अन्य कुनै सूचना वा जानकारीको जवाफदेहीता संगठित संस्थामा नरहने र त्यस्तो सूचना, जानकारी वा विवरणको आधारमा लगानी गरेमा सो को जोखिम लगानीकर्ता स्वयंले बहन गर्नुपर्नेछ ।

**३.२.३.नियमन निकायको नियमन ब्यबस्थाको पालना सम्बन्धी उद्घोषण :**

प्रचलित कानून अनुसार आफ्नो उद्योग/व्यवसाय/सेवासँग सम्बन्धित नियमन निकाय (जस्तैः कम्पनी रजिष्ट्रारको कार्यालय, नेपाल बिद्युत प्राधिकरण आदि) को सार्वजनिक निष्कासन तथा अन्य नियमन व्यवस्था तथा निर्देशनहरुको पालना गरेको कुराको उद्घोषण गर्दछौं। साथै सार्वजनिक निष्कासन प्रयोजनको लागि तयार गरिएको विवरण-पत्र र सो मा उल्लिखित सम्झौता वा अन्य विवरणहरु नेपाल धितोपत्र बोर्ड र कम्पनी रजिष्ट्रारको कार्यालयमा पेश गरेका छौं । साथै मिति २०७४।१२।०९ को कम्पनी रजिष्ट्रार कार्यालयको पत्र बमोजिम कम्पनीको आ.व. २०७३।०७४ को कम्पनी अध्यावधिक भएको समेत जानकारी गराउँदछौं ।

**ग.२.४.संस्थापक, सञ्चालक तथा कार्यकारी प्रमुख सम्बन्धी उद्घोषण :**

१. यस कम्पनीको संस्थापक, सञ्चालक वा प्रमुख कार्यकारी अधिकृत कर्जा सूचना केन्द्रको कालो सूचीमा रहेका छैनन् ।
२. यस कम्पनीको सञ्चालक वा प्रमुख कार्यकारी अधिकृत कालो सूचीमा रहेको अन्य संगठित संस्थामा सञ्चालक वा कार्यकारी प्रमुख छैनन् ।
३. सार्वजनिक निष्कासन मार्फत सर्वसाधारणबाट पूँजी संकलन गरी वेपत्ता भएका वा सञ्चालनमा नरहेका वा लगानीकर्ताहरुको हित विपरीत हुने कार्य गरेको संगठित संस्थाको सञ्चालक वा प्रमुख कार्यकारी अधिकृत यस कम्पनीको संचालक वा प्रमुख कार्यकारी अधिकृत छैनन् ।
४. धितोपत्र सम्बन्धी कानून विपरीत कार्य गरेको कारण धितोपत्र बजार वा धितोपत्र व्यवसायीको अनुमति खारेज भएको दश बर्ष पूरा नभएको संगठित संस्थाको सञ्चालक वा प्रमुख कार्यकारी अधिकृत यस कम्पनीको सञ्चालक वा प्रमुख कार्यकारी अधिकृत छैनन्।
५.यस कम्पनीको सञ्चालक वा प्रमुख कार्यकारी अधिकृतधितोपत्र सम्बन्धी ऐनको दफा १०८ बमोजिम संचालक वा प्रमुख कार्यकारी अयोग्य रहेका छैनन् ।
६. कम्पनी ऐन, २०६३ को दफा ८९ बमोजिम कम्पनीको संचालकहरु कम्पनीको संचालक हुन अयोग्य नरहेको ।

**ग.३ संगठित संस्था सम्बन्धी जानकारी :**

**ग.३.क. संगठित संस्थाको पृष्ठभूमि**

(क) **संगठित संस्थाको नाम:**शुभमपावर लिमिटेड**(ShuvamPower Ltd.)**

(ख) **कुन ऐन अन्तर्गत स्थापित भएको सो कुरा** :कम्पनी ऐन, २०६३ अन्तर्गत स्थापित ।

(ग) **संस्थाको रजिष्टर्ड ठेगाना** : यसकम्पनीको रजिष्टर्ड कार्यालय काठमाण्डौ जिल्लाका म.न.पा.वडा नं.३२, अनामनगर, काठमाडौंमा रहेकोछ। सम्बन्धित निकायमा आवश्यकतानुसार स्वीकृती लिई अन्य स्थानहरुमा पनि रजिष्टर्ड कार्यालय सार्न वाशाखा कार्यालय खोल्न सकिनेछ ।

(घ)**जलविद्युत केन्द्र** : यस कम्पनीको जलविद्युत उत्पादन केन्द्र संखुवासभा जिल्लाको चैनपुर नगरपालिका वडा नं. १५( साविकबानेश्वर गा.वि.स. वडा नं. १ र ५) मा रहेकोछ ।

(ङ) **संगठित संस्थाको स्थापना कालदेखि हालसम्मको संक्षिप्त इतिहास र संगठित संस्थाको मुख्य उद्देश्यहरुः**

**कम्पनीको स्थापनाकाल देखि हालसम्मको संक्षिप्त इतिहास देहाय बमोजिम रहेकोछ ।**

१. नेपालमा रहेको अपार जलश्रोतको उपयोग गरी जलविद्युत आयोजनाहरुको पहिचान गरी संभाव्यता अध्ययन, निर्माण र संचालन गर्ने अभिप्रायले निजीक्षेत्रका उद्यमीहरु मिलेर यस शुभम पावर लिमिटेड, कम्पनी ऐन, २०६३ बमोजिम मिति २०६१सालअसार२२ गते नेपाल सरकार, कम्पनी रजिष्ट्रारको कार्यालयमा प्राइभेट लिमिटेड कम्पनीको रूपमा दर्ता भई कारोबार संचालन गर्दै आएको कम्पनी थियो।यस कम्पनीमाआयोजना प्रभावित क्षेत्र (उद्योग प्रभावित क्षेत्र)का बासिन्दा तथा सर्वसाधारणहरुको जनसहभागिता बिस्तार गर्ने हेतुले २०७२ साल पौष१४ गतेदेखि कम्पनी ऐन,२०६३ बमोजिम पब्लिक लिमिटेड कम्पनीमा परिणत भई कारोबार संचालन गरी रहेको छ ।

२. हाल यस कम्पनीमा३२जना संस्थापक शेयरधनीहरु रहेकाछन्।यस कम्पनीका संस्थापक शेयरधनीहरु विद्युत, बैंक/वित्तीय क्षेत्र,स्वास्थ्य,शैक्षिकक्षेत्र एवं व्यापार/व्यवसायको साथै व्यवस्थापन क्षेत्रमा लामो समयदेखि दखल भएकाप्रतिष्ठित व्यक्तित्वहरुरहेका छन्।

३. यस कम्पनीको प्रवन्धपत्रमा व्यबस्था भए अनुसार संस्थापक शेयरधनीहरुलाई “क” बर्गमा र सर्वसाधारण शेयरधनीहरु (आयोजना प्रभावित जिल्लाबासी स्थानीय सर्वसाधारण, कर्मचारी र सर्वसाधारणहरु) लाई “ख” वर्गमा विभाजन गरिएको छ । जसमध्ये जारी पूँजीको ७०%शेयर “क” बर्गका संस्थापक शेयरधनी तथा ३०%“ख” वर्गका सर्वसाधारणहरुमध्ये, १०% प्रतिशत उद्योग प्रभावित क्षेत्रसंखुवासभा जिल्लाका बासिन्दाहरुलाई र २०%सर्वसाधारणहरु (कर्मचारीहरु समेत) मा निष्कासन तथा बिक्री गरी बाँडफाँटगर्ने व्यवस्था रहेकोछ।

४. यस कम्पनीले संखुवासभा जिल्लाको चैनपुर न.पा. वडा नं. १५ स्थित पिलुवा खोलासाना जलविद्युत आयोजनाबाट ९९० किलोवाटजलविद्युत उत्पादन गर्ने उद्देश्य अनुरुप पिलुवा खोला जलविद्युत आयोजनाको निर्माण, उत्पादन तथा संचालन गर्न विद्युत उत्पादनको अनुमति नेपाल सरकार उर्जा मन्त्रालयबाट मिति २०६४/१२/२१ गतेका दिन प्राप्त गरेको हो ।

५. यस कम्पनीले आयोजना निर्माण सम्पन्न गरि मिति २०६८ साल श्रावण १ गतेबाट व्यापारिक उत्पादन शुरु गरेको छ ।

६. यस तल्लो पिलुवा खोला साना जल विद्युत आयोजना निर्माण सम्पन्न भइसक्दा आयोजनाको कूल लागत रु.१४,३९,९०,८८९।- रहेको छ र प्रति मेगावत लागत रु.१४,५४,४५,३४२।- रहेको छ साथै लगानी फिर्ता हुने अवधि (Pay Back Period) ७.८५२ (Discounted Pay Back Period) १६.८० वर्ष रहेको छ । एक मेगावाट भन्दा साना आयोजना भएकोले यस आयोजनाको उत्पादन अनुमतिको बहाल रहने अवधि तोकिएको छैन ।

७. धितोपत्रदर्ता तथा निष्कासन नियमावली, २०७३ मा भएको ब्यवस्था बमोजिम उद्योग प्रभावित क्षेत्र ( आयोजना प्रभावित क्षेत्र)का बासिन्दाहरुलाई छुट्टयाइएको जारी पूँजी मध्येको १०%साधारण शेयर निष्कासन तथा बिक्री गरी बाँडफाँट गरे पश्चात मात्र सर्वसाधारण कर्मचारी समेतको लागि छुट्टयाइएको जारी पूँजी मध्येको२०%साधारण शेयरहरुको सार्वजनिक निष्कासन गरिनेछ ।

८. कम्पनीले पहिचान गरी विकास निर्माण प्रारम्भ गरेको संखुवासभाजिल्लाको चैनपुर नगरपालिका वडा नं. १५ (साविकको चैनपुर गा.वि.स. वडा नं. १ र बानेश्वर गा.वि.स. वडा नं. ५)मा ९९०किलोवाट क्षमताको तल्लो पिलुवा खोला जलविद्युत आयोजनाको सम्पुर्ण निर्माण कार्य सम्पन्न भई आयोजना संचालन भैरहेको छ ।

९. कम्पनीले निर्माण गरेको तल्लो पिलुवा खोला जलविद्युत आयोजनाबाट उत्पादन गरिएको विद्युतशक्ति एकमुष्ठ नेपाल विद्युतप्राधिकरणले खरीद गर्न मञ्जुर गरी कम्पनी र प्राधिकरणबीच २०६४साल कार्तिक २१ गते विद्युत खरीदबिक्री सम्झौता समेतसम्पन्न भैसकेको छ ।उक्त सम्झौताको पहिलो संशोधन मिति २०६९ साल पौष२६ गते भएको छ।

१०. कम्पनी र नेपाल विद्युत प्राधिकरणबीच सम्पन्न विद्युत खरिद-बिक्रीसम्झौताका मुख्य-मुख्य बुँदाहरू निम्नबमोजिम रहेका छन् :

१०.१. पिलुवा खोला जलविद्युत आयोजनाबाट वार्षिक ६८,४२,०३६ किलोवाट घण्टा विद्युत उत्पादन तथा बिक्री गरिने कुरा मासिक उर्जा उत्पादन तालिकामा तोकिएको छ। यसमा वर्षायामका आठ महिनाको लागि ५३,५०,९३८किलोवाट घण्टा र सुख्खायामका चार महिनाका लागी १४,९१,०९८ किलोवाट घण्टा निर्धारण गरिएको छ ।

१०.२. विद्युतको खरीद मूल्य वर्षायामका आठ महिनाका लागि प्रति किलोवाट घण्टा रु.३/९० (तिनरुपैंया नब्बेपैसा मात्र) र सुख्खायाम (पौष, माघ, फाल्गुण र चैत्र) का लागि प्रति किलोवाट घण्टा रु.५/५२( पाँचरुपैंया बाउन्नपैसा मात्र)तोकिएको छ ।

१०.३ नेपाल विद्युत प्राधिकरणले अतिरिक्त उर्जा **(Excess Energy)** को हकमा विद्युत खरिद बिक्री सम्झौताको दफा१२.१अनुसारको खरिद दरको ५०% दरमा कम्पनीले विलिङ्ग गर्ने र प्राधिकरणले भुक्तानी गर्नेछ।

१०.४. कम्पनीले जलविद्युत आयोजनामा जडित मेशिन औजारहरू तथा अन्य उपकरणहरुको पुनर्स्थापना मूल्यभन्दा कम नहुने गरी र प्रचलित कानून बमोजिम गर्नुपर्ने सबै प्रकारका बीमाहरू गरेकोछ ।

**कम्पनीको प्रबन्धपत्रको दफा ४ मा उल्लेख भए अनुसार कम्पनी कानून तथा अन्य प्रचलित कानूनको अधिनमा स्वीकृती लिनु पर्ने भए सम्बन्धित निकायको स्वीकृति समेत लिई यस कम्पनीको उद्देश्य देहायबमोजिम हुनेछ :**

(क) जलविद्युत गृहको निर्माण गर्ने, विद्युत सम्बन्धी अनुसन्धान तथा सर्वेक्षण गर्ने, जलविद्युत उत्पादन गर्ने र विद्युत बिक्री वितरण गर्ने ।

(ख) नेपालका विभिन्न स्थानमा रहेका नदी र खोलाहरुबाट जलविद्युत उत्पादन गरी थोक तथा खुद्रा बिक्री वितरण गर्ने र लिजमा लिने दिने ।

(ग) जलविद्युत तथा अन्य विद्युत शक्ति उत्पादन सम्बन्धि आयोजनाहरुको विभिन्न भौतिक पूर्वाधारहरु जस्तै विद्युत प्रसारण वितरण लाईन, सवस्टेशनहरु र विद्युत गृहसम्म जान आउनको लागि विद्युत बाटो, पुल तथा सुरुङ्ग मार्ग निर्माण लगायतको आवश्यक निर्माण सञ्चालन एवम् मर्मत सम्भार सम्बन्धि कार्य गर्ने ।

(घ) जलविद्युत तथा अन्य विद्युत उत्पादन सम्बन्धि पर्ने सम्पूर्ण सामानहरुको आयात निर्यात गर्ने ।

(ङ) जलविद्युत तथा अन्य सौर्य वा वायु श्रोतहरुबाट विद्युत उत्पादनका लागि अध्ययन गर्ने गराउने । विद्युत उत्पादनको लागि आवश्यक दक्ष जनशक्तिको उत्पादन गर्ने, तालिम लगायतको आवश्यक कार्यहरु गर्नुका साथै विद्युत उत्पादन सम्बन्धि परामर्श प्रदान गर्ने गराउने ।

(च) विद्युत उर्जाको आवश्यकता अनुसार जलविद्युत बाहेक अन्य सौर्य र वायु श्रोतहरुबाट पनि विद्युत उत्पादन गरी बिक्री वितरण गर्ने । सो सम्बन्धमा स्वदेशी वा विदेशी प्राविधिक तथा ईन्जिनियरिङ्ग परामर्श प्रदान गर्ने गराउने।

**(च) संगठित संस्थाको कुनै सहायक कम्पनी भएमा सो सहायक कम्पनीको नाम, इतिहास र त्यसका मुख्य उद्देश्यहरुका साथै त्यसमा भएको लगानीको अंश (प्रतिशतमा) :** सो नभएको

**(छ) देहायका कुराहरु समेत उल्लेख गर्नु पर्ने (लागु हुने हदसम्म) :**

(१) संगठित संस्थाले उत्पादन गर्ने वस्तु वा प्रदान गर्ने सेवाहरुः जलविद्युत आयोजनाको निर्माण, संचालन र व्यवस्थापन गर्ने ।

(२) प्रयोग भएको वा गरिने प्रविधि :जलस्रोतबाट जलविद्युत उत्पादन गर्ने ।

(३) कुनै ब्रान्डनेम, प्रतिलिपि अधिकार, ट्रेडमार्क, इजाजतपत्र, प्राविधिक सहयोग सम्झौता र संगठित संस्थासँग सम्बन्धित बौद्धिक सम्पत्ति हक अधिकार :सो नभएको ।

(४) संगठित संस्थाले ओगटेको बजार क्षेत्रः आयोजनाबाट उत्पादितविद्युत राष्ट्रिय विद्युत प्रणाली मार्फत नेपाल विद्युत प्राधिकरणलाई बिक्री गरिएको।

(५) नयाँ उत्पादन तथा सेवा सम्बन्धी योजनाः थप नयाँ जलविद्युत आयोजनाहरुको बिकास गर्ने ।

(६) उत्पादन तथा सेवाको प्रमुख बजार र त्यसको माग र बिक्री वितरणको तरिका:कम्पनीले उत्पादन गर्ने विद्युत नेपाल विद्युत प्राधिकरणसँग विद्युत खरिद बिक्री सम्झौता गरी राष्ट्रिय प्रसारण लाइन मार्फत बिक्री वितरण गर्ने व्यवस्था मिलाईएको छ भने कम्पनीको प्रमुख बजार नेपाल राज्यभर रहनेछ।

(७) उत्पादन/संचालन क्षमता र सो को उपभोग स्थितिःतल्लो पिलुवा खोला साना जलविद्युत आयोजनाको उत्पादन क्षमता ९९० किलोवाटरहेको र उक्त विद्युत राष्ट्रिय विद्युत प्रणाली मार्फत नेपाल विद्युत प्राधिकरणलाई आपूर्ति गरिएकोछ ।

(८) कच्चा पदार्थको श्रोत, किसिम र उपलब्धता : संखुवासभाजिल्लाको चैनपुर न.पा.स्थित पिलुवाखोलाको प्राकृतिक बहावमा आधारित पानी ।

(९) गुण नियन्त्रणको लागि गरिएको व्यवस्था :जलविद्युत संरचना र विद्युत उपकरणहरु उपयुक्त अवस्थामा राख्न आवश्यक व्यवस्था गरिएको ।

(१०) अनुसन्धान तथा विकास :नयाँ जलविद्युत आयोजनाहरुको अध्ययन विश्लेषण एवं विकासका लागी आवश्यक कार्यहरु भइरहेको ।

(११) विगत १२ महिनाको अवधिमा संस्थाको संचालनमा असर पर्ने गरी भएको वाधा, व्यवधान : २०७३ साल भाद्र महिनाको २४ गते राति परेको चट्टयाङ्गका कारणले गर्दा आयोजना २०७३ साल भाद्र महिना २५

गतेदेखि २०७३ कार्तिक १३ गतेसम्म बन्द रहेकोर उक्त अवधिको आम्दानी नोक्सानको रु.४७,०२,६९८।-र चट्टयाङ्गले असर पुऱ्याई खराब पार्ट पूर्जाहरुको रु.१०,२६,९९९।- गरी जम्मा रु.५७,२९,६९७।- बिमा दावी गरिएको मा दावी उपर बिमा कम्पनीबाट रु. २०,४५,६००।- प्राप्त भैसकेको साथै मिति २०७४ बैशाख २३ गते परको अविरल वर्षाको कारण घट्टेखोलामा आएको बाढिका कारण यस आयोजनाको इन्टेक साइट पुरिन गएको र लेदो माटो पेनस्टक पाइप मार्फत पावरहाउसको मेन भल्भ समेतमा क्षेती पुग्न गइ आयोजनाबाट विद्युत उत्पादन बन्द भएको र सो बापत कम्पनीबाट बीमा कम्पनीश्री शिखर इन्सुरेन्स कम्पनी लिमिटेडमा रु. १७,३०,०००।- क्षति दावि गरिएको सोको दाबी भुक्तानी प्रक्रियामा रहेको अवस्था छ। हाल उक्त उपकरण मर्मत पश्चात आयोजना सुचारु रुपमा संचालित छ।

(१२) मजदुर संगठनसँगको सम्बन्ध र विगतमा कुनै औद्योगिक विवाद भएको भए, सो सम्बन्धी विवरण :सो नभएको।

(१३) बजार, प्रतिस्पर्धा र अन्य समान उद्योगहरु बीच संगठित संस्थाको स्थिति :पिलुवा खोला साना जलविद्युत आयोजनाको कुल विद्युत उत्पादन क्षमता९९० किलोवाटरहेकोहुँदा यस आयोजनाले बजारको सानो अंशलाई मात्र परिपूर्ति गरिएको छ। साथै विद्युतको हाहाकार भई ठूलो परिमाणमा उर्जाको माग भैरहेको हुँदा बर्तमान अवस्थामा विद्युत उत्पादन गर्न सकेमा उक्त विद्युत बिक्री गर्नबजारको कुनै समस्या नरहेको। जलविद्युत आयोजनाको लागी कच्चा पदार्थको खोजी तथा जगेडा गर्नु नपर्ने र उत्पादित विद्युत शक्ति नेपाल विद्युत प्राधिकरणसँग सम्झौता गरी बिक्री गर्न सकिने हुँदा नेपाली लगानीकर्ताको लागी योलाभदायक र उपयुक्त क्षेत्र रहेको छ।

(१४) प्रमुख ग्राहकहरुको विवरण (जस्तै-संस्थाको कूल वार्षिक कारोबारमा १०% वा सो भन्दा बढीले योगदान गर्ने वा व्यवसायको लागि संगठित संस्था कुनै प्रमुख ग्राहकसँग निर्भर छ भने तत्सम्बन्धी विवरण :कम्पनी र नेपाल विद्युत प्राधिकरण बीच विद्युत खरिद बिक्री सम्झौता भएकोले प्रमुख ग्राहकको रुपमा नेपाल विद्युत प्राधिकरण रहेकोछ।

(१५) प्रमुख सप्लायर्सहरुको विवरण (जस्तै-संस्थाको कूल कारोबारमा १०% वा सो भन्दा बढीले योगदान गर्ने सप्लायर्स वा व्यवसायको लागि संगठित संस्था कुनै प्रमुख सप्लायर्ससँग निर्भर छ भने तत्सम्बन्धी विवरण) :जलविद्युत केन्द्रमा जडित उपकरणहरुM/s Chongqing Hydropower Equipment Co. Ltd.,China बाट आपूति भएको छ।

**ग.३.ख. सम्पत्तिको विवरण :**

(क) **संगठित संस्थाको उपकरण (प्लान्ट) तथा अन्य सम्पत्ति रहेको स्थान र उपकरण तथा सम्पत्तिको अवस्था:**कम्पनीको स्वामीत्वमा पिलुवा खोलामा रहेको प्लाण्ट तथा उपकरणहरु चैनपुर न.पा. वडा नं. १५ स्थित विद्युतगृह र सव स्टेशनमा जडान भई संचालनमा रहेको अवस्थामा रहेका छन्। आ.व. २०७४।७५ को पौष मसान्तसम्म कम्पनीको नाममा सृजना भै सकेको चलअचल सम्पतिको विवरण देहाय बमोजिम रहेको छ :

| सम्पत्ति तथा जायजेथा | रकम (रुपैयामा) |
|---|---|
| **सम्पत्ति** | |
| **दिर्घकालिन सम्पत्ति** | |
| सम्पत्ति, प्लाण्ट तथा मेसिनरी | १३९,५३०,२१८ |
| न्युन : संचित ह्रास | (८,३८८,९६१) |
| कुल सम्पत्ति, प्लाण्ट तथा मेसिनरी | १३१,१४१,२५७ |
| लगानी | २४,९६६,३८१ |
| **जम्मा दिर्घकालिन सम्पत्ति** | **१५६,१०७,६३८** |
| **चालु सम्पत्ति** | |
| नगद तथा बैंक मौज्दात | २५,९७६,२७७ |
| पेश्की, धरौटी तथा प्राप्त हुन बाँकी | ४७,६२३,५३० |
| **जम्मा चालु सम्पत्ति** | **७३,५९९,८०७** |
| **जम्मा सम्पत्ति** | **२२९,७०७,४४५** |

(ख) **बूँदा (१) मा उल्लेखित सम्पत्ति संगठित संस्थाको आफ्नै सम्पत्ति हो या लिजमा लिएको, लिजमा लिएको भए लिजको अवधि मिति समेत उल्लेख गर्नुपर्ने:**आफ्नै सम्पत्ती भएको र लिजमा नलिएको।

(ग) **यदि सम्पत्ति संगठित संस्थाको स्वामित्वमा रहेको भएमा उक्त सम्पत्ति माथि कुनै लियन वा मोर्टगेज भए सो सम्बन्धी विवरण** :कम्पनीको स्वामित्वमा रहेको सम्पत्ती आयोजाना संचालन तथा निर्माणको लागि लिएको कर्जाको लागि लिड बैक, एभरेष्ट बैक लि. बानेश्वरको नाममा धितो रहेकोछ ।

(घ) **विवरणपत्र बोर्डमा पेश गरिएको मितिमा संगठित संस्थाको सम्पत्तिको कितावी मूल्य र बजार मूल्य बीच फरक भएमा सो को विवरण** :कम्पनीको सम्पत्तीहरुको मुल्य परलमोलमा नै राखिएको र पूनर्मुल्याङ्कन गरिएको छैन ।

(ङ) **सम्पत्तिको मूल्यांकन गरिएको तरीका सम्बन्धी विवरण** :लागु नहुने ।

**ग.३.ग. भावी योजना तथा रणनीति :**

**(क)व्यवसाय/सेवाको बृद्धिका लागी संस्थाको भावी योजना वा त्यस्तो योजनाको प्राप्तिका लागी चालिने समयवद्ध रणनीती :**

(१) कम्पनीको मुख्य उद्देश्य नेपालको जलविद्युत विकासमा एक अग्रणी कम्पनीकोरुपमा स्थापित गर्नु रहेकोछ ।

(२)नयाँ जलविद्युत आयोजनाहरुको सम्भावयता अध्ययन गरी अन्य जलविद्युत आयोजनाहरु समेतनिर्माण गर्ने ।

(३) कम्पनीले सरकारी निकायहरुसँग भएको सम्झौता बमोजिम देशमा रहेको जलश्रोतको अधिकतम उपयोग गरी विद्युत उत्पादन गर्ने र सो लाई नेपाल विद्युत प्राधिकरणलाई बिक्री गरी देशको जनताले हाल भोगिरहेको लोडसेडिङ्गको मारलाई केही हदसम्म कम गर्न कम्पनी प्रतिबद्ध रहेकोछ ।

(४)कम्पनीले आफ्नो उद्देश्य प्राप्तिका लागि व्यवसायिक रूपमा सम्भाब्य देखिएको जलविद्युत आयोजनाहरुमा लगानी गर्ने।

**(ख)प्रतिस्पर्धा, विद्यमान आर्थिक स्थिति र समान किसिमको उद्योगको स्थिति आधारमा संगठित संस्थाको भविष्य :**

देशमामाग बमोजिम विद्युत आपूर्तिको कमि रहेको हालको पृष्ठभूमिमा जलविद्युत आयोजना निर्माण गर्नु आफैमा सह्रानिय काम भएको र विद्युत उत्पादन हुनु आगवै विद्युत खरिद बिक्री सम्बन्धि सम्झौता समेत सम्पन्न हुनुले यस क्षेत्रमा अन्य समान किसिमका उद्योगसंग प्रतिस्पर्धा नरहने हुँदा यस कम्पनीले जलविद्युत क्षेत्रमा आफ्नो अलग पहिचान स्थापित गर्न सफल हुनेछ ।नेपालमा जलविद्युत उत्पादनको प्रचुर सम्भावना रहेको भएता पनि वर्तमान अवस्थामा विद्युतको माग र पूर्ति बीच ठुलो अन्तर रहेकोछ । जसले गर्दा नेपाली जनताहरुले चर्को लोडसेडिङ्गको मार खेप्नु परेको छ। जलविद्युत आयोजनाहरुको पर्याप्त विकास हुन सके नेपाल लगायत छिमेकी मुलुकहरुमा समेत निर्यात गर्न सकिन्छ । त्यसैले हालको अवस्थामा यस ब्यबसायमा प्रतिस्पर्धाको अवस्था सृजना हुन सक्ने सम्भावना ज्यादै न्यून रहेकोछ । यसर्थ कम्पनीले आफ्नो ब्यबसायको निरन्तरताका लागि अगाडी बढाएका जलविद्युत आयोजनाहरुको निर्माण र अन्य आयोजनाहरुको पहिचान तथा विकास गर्दा अन्य बस्तुको उत्पादनमा जस्तो प्रतिस्पर्धा गर्नु पर्दैन ।

**ग.३.घ. सञ्चालक समितिको संरचना र प्रतिनिधित्व सम्बन्धी व्यवस्था :**

कम्पनीको नियमावलीको नियम २७(२) मा भएकोव्यवस्था अनुसार ७ (सात) जना सञ्चालक सदस्य रहेको सञ्चालक समिति रहने व्यवस्था छ । सञ्चालक समितिमा सञ्चालक सदस्यहरूको प्रतिनिधित्व देहाय बमोजिम रहेको छ ।

| | |
|---|---|
| समूह “क” शेयरधनीहरूबाट मनोनित वा निर्वाचित सञ्चालकहरू | ४ जना |
| समूह “ख” अन्तर्गतका सर्वसाधारण समूहका शेयरधनीहरूबाट निर्वाचित सञ्चालकहरू | २ जना |
| व्यावसायिक विशेषज्ञ सञ्चालक | १ जना |
| **जम्मा** | **७जना** |

कम्पनीको नियमावली नियम २८ मा भएको व्यवस्था अनुसार सञ्चालकहुनको लागि कम्पनीको कम्तीमा १००(एक सय)कित्ता शेयर आफ्नो नाममा खरिद गरेको हुनु पर्नेछ । यस्तो शेयर खरिद गर्ने व्यक्तिले आफ्नो शेयर कुनै व्यहोराले कसैलाई धितो बन्धक दिएको वा राखेको हुनु हुँदैन । तर संगठित संस्था/व्यावसायिक विशेषज्ञको प्रतिनिधित्व गर्ने सञ्चालकको हकमा उपरोक्त व्यवस्था लागु हुने छैन ।

**ग.४. पुँजी संरचना सम्बन्धी जानकारी :**

**(क) अधिकृत, जारी तथा चुक्ता पुँजी र संस्थाको स्थापना पश्चात् सो मा परिवर्तन भएको भए तत्तसम्बन्धी विवरण :**

**अधिकृत पुँजी**:कम्पनीको अधिकृत पूँजी रु.२०,००,००,०००/–(अक्षरेपी बिस करोड रुपैंया) रहेकोछ। उक्त पूँजीलाई रु.१००/–का दरले २०,००,००० (बिस लाख)थान शेयरमा बिभाजन गरिएको छ ।

**जारी पुँजी**:कम्पनीको जारी पूँजी रु.२०,००,००,०००/–(अक्षरेपी बिस करोड रुपैंया) रहेकोछ। उक्त पूँजीलाई रु.१००/–का दरले २०,००,००० (बिस लाख) थान शेयरमा बिभाजन गरिएको छ ।

**चुक्ता पुँजी**:कम्पनीले आफ्नो जारी पूँजीमध्ये १४,००,००० थान शेयर बापतको प्रति शेयर रु.१००/–का दरले जम्मा रकम रु.१४,००,००,०००/–(अक्षरेपी चौध करोड रुपैंया)कम्पनीको संस्थापक शेयरधनीहरुबाट चुक्ता भईसकेको र बाँकी ६,००,०००थान शेयरसार्वजनिक निष्कासनद्वारा सर्वसाधारणलाई जारी गर्नेछ। उद्योग प्रभावित क्षेत्रका

बासिन्दाहरुको लागि यस विवरण-पत्र मार्फत रु.२,००,००,०००/–(अक्षरेपी दुईकरोड रुपैया) बराबरको शेयर निष्कासन पश्चात कम्पनीको चुक्ता पूँजी रु.१६,००,००,०००/–(अक्षरेपीसोह्रकरोड रुपैंया मात्र) हुनेछ र सर्वसाधारणको लागि छुट्याइएको रु.४,००,००,०००/–(अक्षरेपीचारकरोडरुपैया मात्र)बराबरको पूरै शेयर निष्कासन भएपछि कम्पनीको चुक्त पूँजीरु.२०,००,००,०००/–(अक्षरेपी बिस करोड रुपैंया)हुनेछ ।

**कम्पनीको स्थापना पश्चात् अधिकृत, जारी एवं चुक्ता पुँजीमा निम्न बमोजिम परिवतर्न भएको छ ।**

| क्र.सं. | विवरण | मिति २०७३/०५/२७ मा कम्पनी रजिष्ट्रारको कार्यालयमा भएको अभिलेख बमोजिम |
|---|---|---|
| १. | अधिकृत पूँजी | रु.२०,००,००,०००/– |
| २. | जारी पूँजी | रु.२०,००,००,०००/– |
| ३. | चुक्ता पूँजी | रु.१४,००,००,०००/– |

**(ख) निष्कासन पछिको चुक्ता पुँजी(समूहकृत गरिएको अवस्थामा सोही अनुरुप)**
कम्पनीको प्रबन्धपत्रको दफा ६माउल्लेख भए अनुसार स्थानीय तथा सर्वसाधारणहरुमा साधारणशेयरनिष्कासन गरी बाँडफाँट गरे पश्चात् हुने कम्पनीको चुक्ता पूजीको संरचना देहाय बमोजिम रहेकोछ :

| क्र.सं. | शेयरधनीहरु | समुह | साधारण शेयरसंख्या | चुक्ता रकम(रु.) | पूँजी संरचना | भुक्तानी प्रतिशत |
|---|---|---|---|---|---|---|
| १ | संस्थापक शेयरधनी | क | १४,००,००० | १४,००,००,०००/– | ७०% | शतप्रतिशत |
| २ | सर्वसाधारण शेयरधनी (स्थानिय) | ख | २,००,००० | २,००,००,०००/– | १०% | बाँकि |
| ३ | सर्वसाधारण शेयरधनी (कर्मचारीहरु समेत) | ख | ४,००,००० | ४,००,००,०००/– | २०% | बाँकि |
| | जम्मा | | २०,००,००० | २०,००,००,०००/– | १००% | |

**नोट : स्थानीय र सर्वसाधारणहरुलाई बिक्री गरिने शेयर रकम चुक्ता हुन बाँकी रहेकोछ ।**

(ग) **शेयर प्रिमियम खाता (निष्कासन पूर्व र निष्कासन पश्चात्)** : शेयरमा प्रिमियम खाताको व्यवस्था हाल नरहेको।

ग.५.संस्थापक/संचालक सम्बन्धी जानकारी :
ग.५.क. संस्थापक/सञ्चालकको पृष्ठभूमी :
(क) आधारभूत शेयरधनीहरु तथा सञ्चालकहरुको नाम, पद, उमेर, राष्ट्रियता, ठेगाना, शेयर स्वामित्व, शैक्षिक योग्यता,अनुभव, र प्रस्तावित ब्यापार/ब्यवसायमा अनुभव :

## आधारभूत शेयरधनीको विवरण :

| सि.नं. | नाम | ठेगाना | पद | उमेर | राष्ट्रियता | शेयर स्वामित्व | शैक्षिक योग्यता | अनुभव, (पूर्व र हाल कार्यरत) |
|---|---|---|---|---|---|---|---|---|
| १ | रिभर फल्स पावर लि. | का.म.न.पा. ३२ | संस्थापक | लागु नहुने | नेपाली | ९८२५४० | - | |
| २ | माधव प्रसाद घिमिरे | का.म.न.पा. १४ | संस्थापक | ७३ | | १००० | - | |
| ३ | श्री मित्रलाल श्रेष्ठ | का.म.न.पा. ४ | संस्थापक | ५० | नेपाली | २०००० | स्नातकोत्तर | बैंक तथा वित्तीय संस्थामा करिब ३ बर्षदेखि आबद्ध । धितोपत्र व्यवसायी |
| ४ | जमुना पौड्याल | का.म.न.पा. ३ | संस्थापक | ४० | नेपाली | २०००० | स्नातकोत्तर | कानुन क्षेत्र तथा एनजिओ अन्तर्गतका संघ संस्थाहरुमा विगत १५ बर्ष देखि आबद्ध । |
| ५ | दिनेश गुरुङ्ग | का.जि. सितापाईला ९ | संस्थापक | ४२ | नेपाली | २०००० | स्नातक | रियल स्टेट ब्यापार, ब्यबसाय तथा बैंक क्षेत्रमा करिब १० बर्षको अनुभव । |
| ६ | सनराईज होल्डिङ्गस् प्रा.लि., | का.म.न.पा. ११ | संस्थापक | लागु नहुने | नेपाली | २०००० | - | |
| ७ | हाईल्याण्ड होल्डीङ्गस प्रा.लि. | का.म.न.पा. ३२ | संस्थापक | लागु नहुने | नेपाली | १३५०० | - | |
| ८ | डादी ग्रुप पावर लिमिटेड | का.म.न.पा. ३२ | संस्थापक | लागु नहुने | नेपाली | १७२००० | - | |
| ९ | सुमित्रा राई | भोजपुर | संस्थापक | ५२ | नेपाली | १०००० | - | |
| १० | अशोक कुमार सराफ | का.म.न.पा. ३४ | संस्थापक | ६६ | नेपाली | २०००० | - | |
| ११ | प्रेम लता सराफ | का.म.न.पा. ३४ | संस्थापक | ६३ | नेपाली | ५००० | | |
| १२ | मध्वरी नेपाल | माम्लीङ्ग ७ | संस्थापक | २३ | नेपाली | २००० | | |
| १३ | बिपिन राज निरौला | यासोक ३ | संस्थापक | ५० | नेपाली | ४५०० | | |
| १४ | किशन कुमार खेडिया | ईटहरी १ | संस्थापक | ५३ | नेपाली | १६२०० | | |
| १५ | ईश्वर भट्टराई | इनरुवा ९ | संस्थापक | ५२ | नेपाली | १४४०० | | |
| १६ | नरेन्द्र अग्रवाल | ईटहरी १ | संस्थापक | ४७ | नेपाली | ९००० | | |
| १७ | प्रलाद सिटौला | ईटहरी १ | संस्थापक | ६१ | नेपाली | १०८०० | | |
| १८ | नगेन्द्र कार्कि | चैनपुर ११ | संस्थापक | ५८ | नेपाली | १००० | | |
| १९ | बिमला अधिकारी | सभापोखरी ३ | संस्थापक | ४७ | नेपाली | ३००० | | |
| २० | कुल बहादुर बस्नेत | मादि न.पा. ८ | संस्थापक | ५५ | नेपाली | २५०० | | |
| २१ | प्रतिक शर्मा | का.म.न.पा. १० | संस्थापक | ४७ | नेपाली | ३००० | | |
| २२ | सुमन शाक्य | संखुवासभा | संस्थापक | ५० | नेपाली | १०००० | | |
| २३ | दल कुमार तामाङ | संखुवासभा | संस्थापक | ६२ | नेपाली | ६००० | | |
| २४ | निलन नेपाल | माम्लीङ्ग ६ | संस्थापक | ३४ | नेपाली | १००० | | |
| २५ | मरिचमान श्रेष्ठ | का.म्.न.पा. | संस्थापक | ५१ | नेपाली | १००० | | |
| २६ | डा. बिजय प्रकाश सैजु | भक्तपुर | संस्थापक | ६१ | नेपाली | ५००० | | |
| २७ | शिव प्रसाद नेपाल | माम्लीङ्ग ६ | संस्थापक | ५७ | नेपाली | १००० | | |
| २८ | पुन्य प्रसाद बराल | मादि न.पा. ७ | संस्थापक | | नेपाली | १००० | | |
| २९ | शेष राज भण्डारी | मादि न.पा. ८ | संस्थापक | | नेपाली | २००० | | |
| ३० | कृष्ण लाल श्रेष्ठ | का.म.न.पा १२ | संस्थापक | ५० | नेपाली | १००० | स्नातक | लेखा, ब्यबस्थापन तथा वित्तीय क्षेत्रमा करिव २७ बर्षको कार्य अनुभव । |
| ३१ | रविन सुबेदी | बुढानिलकण्ठ, काठमाडौं । | संस्थापक | ३१ | नेपाली | २०५६० | स्नातक | ब्यबस्थापकीय सम्बन्धि कार्यहरुमा करिव ८ बर्षको कार्य अनुभव । |
| ३२ | युनिसा कटुवाल | कागेश्वरी मनहरा १३ | संस्थापक | १८ | नेपाली | १००० | | |

## संचालकहरुको विवरण

| सि. नं. | नाम, ठेगाना | पद | उमेर | राष्ट्रियता | शेयर स्वामित्व | शैक्षिक योग्यता | अनुभव (पूर्व र हाल कार्यरत) |
|---|---|---|---|---|---|---|---|
| १. | श्री डा.भोगेन्द्र कुमार गुरागाई बुढानिलकण्ठ न.पा. वडा नं. १०, काठमाडौं । | अध्यक्ष | ५९ | नेपाली | १३,५०० | एम.बि.बि.एस./एम.एस.सी | बैकिङ्ग क्षेत्रमा ९ बर्षदेखि आबद्ध संचालक: सनराईज बैंक लि. विगत १० वर्ष देखि निरन्तर जलविद्युत क्षेत्रमा संलग्न भइ आउनु भएको । संचालक: रिभर फल्स पावर लि. |
| २. | श्री जमुना पौड्याल का.म.न.पा. ३, काठमाडैं । | सञ्चालक | ४२ | नेपाली | ९,८२,५४० | एल.एल.बी | विगत १५ बर्ष देखि उर्जा तथा सामाजिक क्षेत्रमा संलग्न । |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ३. | श्री मित्रलाल श्रेष्ठ<br>का.म.न.पा.४, काठमाण्डौं । | सञ्चालक | ५० | नेपाली | २०,००० | स्नातकोत्तर | सिभिल बैंक लि.मा ४वर्ष संचालक भइ कार्य गरेको हाल आबद्ध नभएको ।<br>बैदेशिक संस्था सीबीएम (cbm.org) मा वित्तीय क्षेत्रमा ३ वर्षको अनुभव<br>DFID मा १३ वर्षको कार्यअनुभव<br>JICA मा ४ वर्षको कार्यअनुभव |
| ४. | श्री सुभाष अमात्य<br>बीरगंज म.न.पा. ११, बीरगंज । | सञ्चालक | ३८ | नेपाली | २०,००० | स्नातकोत्तर | विगत १५ वर्षदेखि विभिन्न व्यवसयमा संलग्न ।<br>संस्थापक अध्यक्षः सनराईज होल्डिङ्गस् प्रा. लि. (विगत ३ वर्ष देखि)<br>संचालकः प्रभु लाइफ इन्सुरेन्स लि. (विगत ७ महिना देखि) |

यस कम्पनीका संचालकहरु अन्य समान उद्येश्य भएको कम्पनीको संचालकमा नदोहरिने गरि आगामी साधारण सभाबाट मिलान गर्ने प्रतिवद्धता व्यक्त गर्दछौं ।

**(ख) संस्थापकहरु कुनै कम्पनी/संस्था भएमा त्यस्तो कम्पनी/संस्थाको नाम तथा ठेगाना सहितको संक्षिप्त विवरण र उक्त कम्पनी/संस्थाका संचालकहरुको नाम, ठेगाना, (प्राकृतिक व्यक्ति नखुलेसम्म) :**

| क्र.स. | संस्थापक कम्पनीको नाम, ठेगाना | संचालकहरुको नाम, ठेगाना |
|---|---|---|
| १. | हाइल्याण्ड होल्डिङ्गस प्रा.लि.,<br>का.जि.का.म.न.पा.३२, अनामनगर, काठमाण्डौं । | अध्यक्ष : श्री भुषण गुरागाई, महांकाल ६, काठमाण्डौं ।<br>संचालक : श्री सुशिला घिमिरे, बुढानिलकण्ठ न.पा ८, काठमाडौं ।<br>संचालक : श्री सौरभ गुरागाई, महांकाल ६, काठमाण्डौं । |
| २. | रिभर फल्स पावर लि, का.म.न.पा.३२, अनामनगर, काठमाण्डौं । | अध्यक्ष : श्री डा.भोगेन्द्र कुमार गुरागाई, बुढानिलकण्ठ १०,काठमाडौं ।<br>प्रबन्ध संचालक : श्री शैलेन्द्र गुरागाई, इटहरी ४, सुनसरी ।<br>संचालक : श्री मित्र लाल श्रेष्ठ, का.म.न.पा.४, काठमाण्डौं ।<br>संचालक : श्री सुभास अमात्य, बीरगञ्ज न.पा.११, पर्सा । |
| ३. | सनराईज होल्डिङ्गस् प्रा.लि.,<br>थापाथली, काठमाण्डौं । | अध्यक्ष : श्री सुभाष अमात्य, इमाडोल ३, ललितपुर ।<br>संचालक : श्रीमती शैला श्रेष्ठ, भैरवस्थान, पाल्पा । |
| ४ | डादि ग्रुप पावर लि., का.म.न.पा.३२<br>अनामनगर, काठमाडौं । | अध्यक्ष : श्री डा.भोगेन्द्र कुमार गुरागाई, बुढानिलकण्ठ १०,काठमाडौं ।<br>प्रबन्ध संचालक : श्री शैलेन्द्र गुरागाई, इटहरी ४, सुनसरी ।<br>संचालक : श्री रबिन सुवेदि, बुढानिलकण्ठ न.पा., काठमाण्डौं ।<br>संचालक : श्री दिनेश गुरुङ्ग, सितापाइला, काठमाडौं ।<br>संचालक : श्री सत्य नारायण प्रजापति, भक्तपुर न.पा. ।<br>संचालक : श्री बद्रि प्रसाद प्याकुरेल, नुवाकोट । |

**(ग) संगठित संस्थाको संचालकहरु अन्य कुनै कम्पनी, संस्था, कोष, संगठनसँग आवद्ध भए त्यस्तो संचालक र आवद्ध भएको संस्थाको नाम, ठेगाना :**

| क्र.स. | संचालकको नाम, ठेगाना | आबद्ध रहेको संस्थाको नाम, ठेगाना |
|---|---|---|
| १. | श्री जमुना पौड्याल, संचालक | संस्थापकःशुभम पावर लि.,<br>का.म.न.पा.३२, अनामनगर, काठमाण्डौं । |
| २. | श्री डा. भोगेन्द्र कुमार गुरागाईं, संचालक | संस्थापकः डादि ग्रुप पावर लि.<br>संस्थापकःशुभम पावर लि.,<br>का.म.न.पा.३२, अनामनगर, काठमाण्डौं ।<br>संचालकः सनराइज बैंक लि. |
| ३. | श्री सुभाष अमात्य, संचालक | संस्थापक– शुभम पावर लि.,<br>का.म.न.पा.३२, अनामनगर, काठमाण्डौं ।<br>प्रबन्ध निर्देशकः सुप्रिम मार्केटिङ्ग एण्ड एडभरटाईजिङ्ग प्रा.लि |

यस कम्पनीका संचालकहरु अन्य समान उद्येश्य भएको कम्पनीको संचालकमा नदोहरिने गरि आगामी साधारण सभाबाट मिलान गर्ने प्रतिवद्धता व्यक्त गर्दछौं ।

(घ) **संस्थापक/संचालकको हक हस्तान्तरण बन्देज सम्बन्धी विवरण :**

क) प्रचलित कानूनको अधिनमा रही कम्पनीको शेयर कुनै ब्यक्ति वा संस्थालाई बिक्री वा हस्तान्तरण गर्न सकिनेछ ।

ख) प्रचलित कानूनको स्वीकृती लिई संस्थापक र सर्वसाधारण समुहको शेयर स्वामित्व अनुपातमा परिवर्तन गर्न सकिनेछ ।

ग) कम्पनीले कारोबार संचालन गरे पश्चात प्रबन्धपत्र, नियमावली र अन्य सम्बन्धित कानूनको अधिनमा रही आफ्नो शेयर बिक्री वा धितोबन्धक राख्न सकिनेछ । यस ब्यबस्था बमोजिम कम्पनीले कारोबार संचालन गरेको पाँच बर्ष नपुगे तापनि कम्पनीको सञ्चालनमा कुनै बाधा व्यवधान उत्पन्न भई विशेष परिस्थितिको सृजना हुन गएमा सम्बन्धित निकायको स्वीकृती लिई संस्थापकहरु बीच शेयर खरिद बिक्री गर्न सकिनेछ । तर, त्यसरी हक छोड्दा वा हस्तान्तरण गर्दा पहिलो प्राथमिकता जुन समूहको शेयर हो सोही समूहका शेयरधनीहरूलाई दिनु पर्नेछ । यसरी शेयर बिक्री गर्दा एक भन्दा बढी शेयरधनीले शेयर खरिद गर्न चाहेमा निजले धारण गरेको शेयरको अनुपातमा बिक्री गर्नु पर्नेछ । सो समूहका कुनै पनि संस्थापक शेयरधनीले शेयर लिने इच्छा नगरेमा मात्र त्यस्तो शेयर संचालक समितिको निर्णय बमोजिम सम्बन्धित निकायको स्वीकृती लिई अन्य व्यक्ति, फर्म, कम्पनी वा संस्थालाई बिक्री गर्न सकिने छ ।

घ) उद्योग प्रभावित क्षेत्र संखुवासभा जिल्लाबासीले शेयर खरिद गर्दा न्यूनतम ५० कित्ता वा १० अंकले भाग गर्दा शेष नरहने गरी १,००० (एक हजार) कित्ता शेयर खरिद गर्नआवेदन गर्न सकिनेछ । तर हकप्रद शेयर र बोनस शेयर लागु गरिएमा यो बन्देज लागू हुनेछैन।

ङ) कम्पनीका सञ्चालक, कार्यकारी प्रमुख, लेखापरिक्षक, सचिव वा कम्पनीको ब्यबस्थापन तथा लेखा सम्बन्धी कार्यमा प्रत्यक्ष रुपले संलग्न ब्यक्तिले त्यस्तो पदमा बहाल रहँदाको बखत वा त्यस्तो पदबाट अवकाश प्राप्त गरेको कम्तीमा एक बर्षसम्म कम्पनी वा त्यसको सहायक कम्पनीको शेयर आफ्नो वा आफ्नो परिवारको नियन्त्रणमा रहेको फर्म, कम्पनी वा संस्थाको नाममा खरिद बिक्री गर्न, गराउन, गर्न दिन, धितोबन्धक राख्न, राख्न लगाउन वा दान बकस लिन, दिन वा लेनदेन गर्न हुँदैन ।

च) कसैले खण्ड (ङ) को विपरित काम गरेमा त्यस्तो शेयर कम्पनीले जफत गर्न सक्नेछ र त्यसरी जफत भएको शेयर सञ्चालक समितिले उचित ठहर्‍याएको प्रकृयाबाट बिक्री बितरण गर्न सक्नेछ ।

छ) शेयर खरिद वा हस्तान्तरण गर्न बन्देज सम्बन्धी अन्य व्यवस्था प्रचलित कम्पनी सम्बन्धी कानून तथा अन्य प्रचलित कानूनमा उल्लेख भए बमोजिम हुनेछ ।

झ) "धितोपत्र दर्ता तथा निष्कासन नियमावली, २०७३" को नियम (१०) को उपनियम (१) मा भएको व्यवस्था अनुरुप धितोपत्र सार्वजनिक निष्कासन गर्न सक्ने गरी संस्थापित संगठित संस्थाका सर्वसाधारण बाहेक अन्य समूह (संस्थापक र अन्य समूह) ले लिएको शेयर सार्वजनिक निष्कासन गरेको शेयर बाँडफाँट भएको मितिले तीन बर्षको अवधि पूरा नभई बिक्री गर्न पाइने छैन ।

**ग.५.ख.संस्थापक/सञ्चालकसँगको कारोबार :**

**क) संगठित संस्थाबाट कुनै संस्थापक/सञ्चालकले प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा कुनै वस्तु वा सुविधा (आर्थिक वा गैरआर्थिक) प्राप्त गरेका वा प्राप्त गर्ने भएमा त्यस्तो वस्तु वा सुविधाको प्रकृति र मूल्य र त्यस्तो सुविधा दिए बापत संगठित संस्थाले कुनै सम्पत्ति, सेवा प्राप्त गरेको वा गर्ने भएमा तत्सम्बन्धी विवरण :** सो नभएको ।

**ख) बुँदा (क) मा उल्लेखित बस्तु वा सुविधाको मूल्य निर्धारण गर्न अपनाइएको तरिका :**आवश्यकनभएको ।

**ग.६.सीमित दायित्व सम्बन्धी विवरण :**

यसकम्पनी प्रचलित कम्पनी कानून अन्तर्गत स्थापित तथा सञ्चालित पब्लिक लिमिटेड कम्पनी हो । यसमा शेयरधनीहरुको दायित्व सीमित छ । यस कम्पनीकोशेयरधनीको दायित्व निजले खरिद गरेको वा खरिद गर्न कबोल गरेको शेयरको अधिकतम रकमसम्म मात्र सीमित रहनेछ ।

**ग.७.संगठित संस्थाको कर्मचारी सम्बन्धी विवरण :**

**ग.७.क.संगठित संस्थाको उच्च ब्यबस्थापकीय तहका अधिकृत कर्मचारीहरु सम्बन्धी विवरण :**

**क) संगठित संस्थाको उच्च ब्यबस्थापकीय तहका कर्मचारीको नाम, योग्यता, नियुक्ति भएको मिति, पहिले काम गरेको अनुभव तथा संगठित संस्थाको शेयर लिएको भए शेयर संख्या सम्बन्धी विवरण । साथै त्यस्तो कर्मचारीहरु अन्य कुनै सूचिकृत संगठित संस्थाको आधारभूत शेयरधनी भए वा अन्य कुनै संगठित संस्थामा लगानी गरेको भए उक्त संगठित संस्थाको नाम र लगानी गरेको रकम खुलाउनु पर्ने ।**

(१) नाम : श्री डा.भोगेन्द्र कुमार गुरागाई
योग्यता : एम.बि.बि.एस./एम.एस.सी
नियुक्ति भएको मिति :२०७२।०२।०२
अनुभव : बैंकिङ्ग क्षेत्रमा ९ बर्षदेखि आबद्ध, संचालक : सनराईज बैंक लि.
संगठित संस्थाको शेयर लिएको शेयर संख्या : नभएको ।
अन्य सूचिकृत संगठित संस्थाको आधारभूत शेयरधनी भए वा अन्य कुनै संगठित संस्थामा लगानी भए संगठित संस्थाको नाम र लगानी गरेको रकम :

| सि.नं. | सूचिकृत संगठित संस्थाको नाम | शेयर संख्या | लगानी रकम (रु.) |
|---|---|---|---|
| १ | सनराईज बैंक लि. | २७५,१२५ | २७,५१२,५००।- |
| २ | बरुण हाइड्रोपावर कम्पनी लि. | १००,००० | १०,०००,०००।- |
| ३ | डादी ग्रुप पावर लिमिटेड | ५,२५,३८४ | ५,२५,३८,४००।- |

**ख) विवरणपत्र बोर्डमा प्रस्तुत गर्नु भन्दा १ बर्ष अगाडिको अवधिमा नियम अनुसार अवकाश प्राप्त भएको अवस्था बाहेक संगठित संस्थाको उच्च व्यबस्थापकीय तहमा रहेका कुनै कर्मचारी परिवर्तन भएमा सो सम्बन्धी विवरण उल्लेख गर्नु पर्ने :** सोनभएको ।

**ग) कर्मचारी संख्या : स्थायी, अस्थायी, करार, ज्यालादारी र अन्य ।**

| स्थायी | अस्थायी | करार | ज्यालादारी | अन्य | कुल कर्मचारी संख्या |
|---|---|---|---|---|---|
| १२ जना | ८ | - | – | २ | २२जना |

**ग.७.ख.संचालक एवं उच्च व्यबस्थापकीय तहका अधिकृतलाई दिएको भत्ता तथा पारिश्रमिक सम्बन्धी विवरण :**

**क) संचालक समितिको अध्यक्ष लगायत अन्य सदस्यहरुलाई प्रदान गरिने वा गरिएको बैठक भत्ताको दर तथा निजहरुलाई प्रदान गरिने वा गरिएको दैनिक तथा भ्रमण भत्ता र अन्य सुविधा :**

१. संचालक समितिको बैठकमा उपस्थित भए बापत अध्यक्षले पाउने प्रति बैठक भत्ता रु.५,०००/– र अन्य सञ्चालकले पाउने प्रति बैठक भत्ता रु.४,०००/– हुनेछ ।

२. कम्पनीको कामको सिलसिलामा सञ्चालकलाई प्रदान गरिने दैनिक तथा भ्रमण भत्ता देहाय बमोजिम हुनेछ :
– स्वदेशमा दैनिक भत्ता : नभएको ।
– भारतमा दैनिक भत्ता : नभएको ।
– भारत वाहेकका अन्य विदेशी मुलुकमा दैनिक भत्ता : नभएको ।
– यातायात तथा होटल खर्च विल वमोजिम छ ।

३. अन्य सुविध कम्पनी नियमावली बमोजिम हुनेछ ।
उपरोक्त बैठक भत्ता बाहेक अन्य कुनै भत्ता तथा सुविधा सञ्चालकहरुलाई भुक्तानी गर्ने व्यबस्था नभएको ।

**ख) संगठित संस्थाको उच्च व्यबस्थापकिय तहका तीन जना अधिकृतहरुको नाम, पद र एक आर्थिक बर्षको अवधि भित्र उनीहरुलाई पारिश्रमिकको रुपमा भुक्तान गरिएको रकम :**

| सि.नं. | कर्मचारीको नाम | पद | एक आर्थिक बर्षको अवधि भित्र पारिश्रमिकको रुपमा भुक्तान गरिएको रकम | अवधि |
|---|---|---|---|---|
| १. | डा. भोगेन्द्र कुमार गुरागाई* | अध्यक्ष | - | - |
| २ | सुजन कोइराला | आयोजना प्रमुख | ८०,०००।- | आ. व. २०७३।०७४ मंसीर देखि आषाढ सम्म |
| ३ | कृष्ण लाल श्रेष्ठ | प्रमुख लेखा विभाग | ३,३३,०८८।- | आ. व. २०७३।०७४ |

**नोट*: निजलेकम्पनीबाट हालसम्मकुनै पनि पारिश्रमिक नलिएको ।**

**ग) कुनै अधिकृत वा संचालकलाई भविष्यको लागि कुनै रकम प्रदान गरिने गरी करार गरिएको भए सो सम्बन्धी विवरण :** हाल सम्म त्यस्तो कुनै करार गरिएको छैन ।

**ग.८.अर्न्तनिहित जोखीम तथा सो को व्यवस्थापनको लागी व्यवस्थापनको धारणा :**

**संगठित संस्थाले बहन गरेको वा गर्ने जोखीम स्पष्ट रुपमा उल्लेख गर्नु पर्ने । यस सन्दर्भमा जोखीमहरुलाई संगठित संस्थाको आन्तरिक वा व्यवसाय/परियोजनासँग प्रत्यक्ष अथवा संगठित संस्थाको नियन्त्रण भन्दा बाहिरको भनी बर्गिकरण गरी प्रमुख रुपमा देहायको जोखीमको विश्लेषण गर्नु पर्ने ।**

**(क) वित्तीय साधनको अभावबाट हुने जोखिम:**
–संचालनमा रहेको जलविद्युत केन्द्रभएकोले वित्तिय जोखिम रहेको ।
– नयाँ आयोजनाको अनुसन्धान तथा विकास संकुचन आउन सक्ने जोखिम नरहेको ।

**(ख) कच्चा पदार्थको अभावबाट हुने जोखीम** :जलश्रोतको मुहानमा वातावरणको कारण अप्रत्याशित रुपमा परिवर्तन भई पानीको श्रोत घट्न गएमा उत्पादन क्षमता घट्न सक्ने जोखिम रहेको ।

**(ग) उत्पादन तथा सेवाको बजार स्थिति र यसमा आउने परिवर्तनबाट हुने जोखीम** :हालको अवस्थामा विद्युतको बजारको जोखिम नरहेको ।

**(घ) आयोजना सम्पन्न हुन ढिलाई हुने सम्भावना र त्यसबाट हुने मूल्य अभिबृद्धि (cost overrun) को जोखीम** :सो नभएको ।

**(ङ) विदेशी विनिमयको जोखिम:**बिदेशी विनिमय दरमा परिवर्तन भएमा संचालन खर्चमा बृद्धि हुन सक्ने जोखिम रहेको ।

**(च) कानूनी प्रकृयाहरु तथा ईजाजत प्राप्त गर्नु पर्ने सो बाट पर्न सक्ने अवरोधहरु** :अनुमति वा इजाजत प्राप्त गर्दा ढिलाई हुन गएमा नयाँ आयोजना निर्माण कार्यमा ढिलाई हुन सक्ने जोखिम रहेको ।

(छ) **क्षेत्रीयकरण र विश्वब्यापीकरण (Globalization) का कारणबाट उत्पन्न हुन सक्ने जोखीम :** अन्तर्राष्ट्रिय बजारमा हुने आर्थिक मन्दीबाट शेयर बजारमा असर परेमा शेयर मूल्यमा असर पर्न सक्ने जोखिम रहेको ।

(ज) **सरकारी नीति तथा नियमहरुमा हुने परिवर्तन तथा विश्वब्यापी रुपमा हुने नीतिगत परिवर्तनबाट हुने जोखीम :**

– नेपाल सरकारको जलविद्युत सम्बन्धी आर्थिक तथा वित्तीय नीति नियममा हुने परिवर्तनबाट श्रृजना हुन सक्ने जोखिमहरु।

–कर, भन्सार आदि सम्बन्धी ब्यबस्थामा परिर्वतन भएमा श्रृजना हुन सक्ने जोखिमहरु ।

(झ) **संचालन इतिहासको अभाव :**मिति २०६८श्रावण १ गतेदेखि कम्पनीले आफ्नो कारोवार संचालन गरेकोले कम्पनीको संचालन इतिहास करिव ५ बर्षभन्दा बढीको रहेको छ ।

(ञ) **प्रविधिको परिवर्तनबाट हुने सक्ने जोखीम :**जलविद्युत आयोजना निर्माणको लागी आवश्यक टर्वाइन,पेनस्टक, जेनेरेटर लगायतका विभिन्न उपकरणमा आउने परिवर्तन तथा नयाँ प्रविधिबाट विद्युत उपकरणहरु फेजआउट भएमा ।

(ट) **अन्य :**

– दैबि प्रकोप तथा काबु बाहिरको परिस्थिति उत्पन्न भै आयोजनामा कुनै प्राकृतिक क्षति भएमा आयोजनाको लागत बढ्न सक्ने जोखिम रहेको ।

– देशको राजनैतिक अस्थिरताबाट आउन सक्ने जोखिमहरु ।

– पूँजी बजारको अवस्थामा आउने उतार चढावबाट पर्न सक्ने जोखिमहरु ।

**सम्भावित आर्थिक जोखिमहरुलाई न्यूनीकरण गर्न व्यवस्थापनले निम्न उपायहरु अवलम्वन गर्दै जानेछ ।**

नेपालमा उर्जा शक्तिको माग धेरै र आपूर्ति न्यून रहेको र नेपाल जलश्रोतको धनी देश भएकोले अन्य उर्जाको श्रोत भन्दा भरपर्दो श्रोत पानी हो । तसर्थ उर्जाका लागि जलविद्युतको आवश्यकता र महत्व कहिल्यै कम नहुने हुँदा जलविद्युतको लगानीमा न्यून जोखिम रहको ब्यबस्थापनको धारणा रहेकोछ । साथै उर्जा बिभिन्नश्रोतबाट प्राप्त गर्न सकिन्छ । जस्तैः सौर्य शक्ति, डिजेल, कोइला, जलश्रोत इत्यादी । यस मध्ये पानीबाट उत्पादन हुने जलबिद्युत नविकरणीय उर्जा भएकोले जलविद्युत आयोजनाहरुले वातावरणमा नकारात्मक प्रभाव पार्दैन । त्यसकारण उर्जाका अन्य श्रोतहरुभन्दा पानीबाट उत्पादन हुने जलविद्युतले वातावरणीय हानी नहुने र यसको लागत अन्य उर्जाभन्दा तुलनात्मक रुपमा कम रहने हुँदा अन्य श्रोतबाट उत्पादन हुने बिद्युतभन्दा पानीबाट उत्पादन हुने जलविद्युत आयोजनाहरुमा जोखीम नरहेको धारणा ब्यबस्थापनको रहेकोछ । साथै उपरोक्त सम्भावित जोखिमहरुलाई न्यूनीकरण गर्न उपकरणहरुको ह्रास खर्चको ब्यबस्थाको साथै केन्द्र र आयोजनाका आवश्कयक संरचना, मेसिन, औजार र उपकरणहरुको जोखिमलाई न्यूनीकरण गर्न र आयोजना बन्द भएमा बन्द भएको अवधिको नोक्सान वापतको लागि निम्न बमोजिमको बीमा गरिएको छ । कम्पनीको संभावित नोक्सानी तथा अग्नि बीमा श्री शिखर इन्सुरेन्स कम्पनी लि.मा निम्न रकम बराबरको बिमा गरिएको छ ।

#

| बिबरण | बिमा गरिएको रकम | बिमा शुल्क भुक्तान भएको रकम | बिमा अबधि बहाल रहने मिति |
|---|---|---|---|
| आम्दानीमा हुने क्षति बिमा | २,९०,९९,५२१/- | १,४६,१५२.२५ | १३-०१-२०७५ |
| अग्नि बिमा | १२,०१,०४,०७५/- | ३,६५,२१२.११ | १३-०१-२०७५ |

**धितोपत्र मूल्य परिवर्तन सम्बन्धि जोखिम :**

रु.१००/–प्रति शेयरका दरले निष्कासन गरिएको शेयर मूल्यले सूचीकरण पश्चात् नेपाल स्टक एक्सचेन्ज लिमिटेडमा हुने कारोवार मूल्य नजनाउने भएकोले शेयर मूल्यमा हुन सक्ने परिवर्तनको जोखिम रहेको छ ।

ग.९ **वित्तीय विवरण**

ग.९.क. **वित्तीय विवरण र तत्सम्बन्धमा व्यवस्थापनको धारणा र विश्लेषण:**

(क) **संगठित संस्थाको लेखापरीक्षण भएको पछिल्लो आर्थिक वर्षको वासलात, नाफा-नोक्सान हिसाब, नाफा-नोक्सान हिसाब बाँडफाँड, नगद प्रवाह विवरण:**यस कम्पनीको आ.ब.२०७३/०७४को लेखापरिक्षण भएको वासलात, नाफा–नोक्सान हिसाब तथा नाफा–नोक्सान बाँडफाँड हिसाबखाताको यथार्थ रूपरेखा यस प्रकार छ :

**वासलात (२०७४ आषाढ मसान्त)**

| पूँजी तथा दायित्व | रकम (रुपैयामा) |
|---|---|
| **पूँजी** | |
| शेयर पूँजी | १४०,०००,००० |
| संचित जगेडा तथा कोष/(घाटा) | (३५,४४६,७६४) |
| **जम्मा पूँजी** | **१०४,५५३,२३६** |
| **दिर्घकालिन ऋण** | |
| सुरक्षित आवधिक कर्जा | ११०,१७३,८३० |
| **जम्मा दिर्घकालिन ऋण** | **११०,१७३,८३०** |
| **जम्मा पूँजी तथा दायित्व** | **२१४,७२७,०६६** |

| सम्पत्ति तथा जायजेथा | रकम (रुपैयामा) |
|---|---|
| **सम्पत्ति** | |
| **दिर्घकालिन सम्पत्ति** | |
| सम्पत्ति, प्लाण्ट तथा मेसिनरी | १३१,९१५,४८७ |
| लगानी | २४,८३२,४८१ |
| **जम्मा दिर्घकालिन सम्पत्ति** | **१५६,७४७,९६८** |
| **चालु सम्पत्ति** | |
| प्राप्त हुन बाँकी | २,०६७,१८० |
| नगद तथा बैंक मौज्दात | १२,९७७,३१९ |
| पेश्की तथा धरौटी | ४४,६६४,८४२ |
| **जम्मा चालु सम्पत्ति** | **५९,७०९,३४१** |
| **न्यून: चालु दायित्व तथा व्यवस्था** | |
| अन्य बाँकि भुक्तानीहरु | १,०३१,९३४ |
| दायित्व व्यवस्थाहरु | ६९८,३०८ |
| अग्रिम करकट्टि दायित्व | – |
| **जम्मा चालु दायित्व तथा व्यवस्था** | **१,७३०,२४२** |
| **खुद चालु सम्पत्ति** | **५७,९७९,०९९** |
| **जम्मा सम्पत्ति** | **२१४,७२७,०६६** |

| नाफा- नोक्सान हिसाब (श्रावण १, २०७३ देखि आषाढ ३१, २०७४) | |
|---|---|
| **विवरण** | **रकम (रुपैयामा)** |
| बिद्युत बिक्री आम्दानी | १५,१३४,०२७ |
| जोड : अन्य आम्दानी | ३३,८००,४९९ |
| **जम्मा नाफा** | **४८,९३४,५२७** |
| न्यून: परियोजना खर्च | २,३०८,००२ |
| **खुद नाफा** | **४६,६२६,५२४** |
| **न्यून:** | |
| **सचांलन खर्चहरु** | |
| प्रशासनिक खर्च | ३,२३४,०९८ |
| ह्रास खर्च | ३,००४,५८० |
| आर्थिक खर्च | ९,०४३,१८५ |
| **जम्मा खर्च** | **१५,२८१,८६२** |
| | |
| **कर अघिको नाफा/(नोक्सानी)** | **३१,३४४,६६२** |
| चालु आयकर | - |
| कर्मचारी बोनस व्यवस्था २% | ६२६,८९३ |
| **खुद नाफा/(नोक्सानी)** | **३०,७१७,७६९** |
| **आयकर व्यवस्था** | |
| चालु वर्षको आयकर | - |
| अघिल्लो वर्षको मिलान | - |
| डेफर्ड कर | - |
| **यस वर्षको अन्तसम्मको संचित नाफा / (नोक्सान)** | ३०,७१७,७६९ |
| अघिल्लो वर्षसम्मको नाफा / (नोक्सान) | (६६,१६४,५३३) |
| **वासलातमा सारिएको** | **(३५,४४६,७६४)** |

| नगद प्रवाह विवरण (श्रावण १, २०७३ देखि आषाढ ३१, २०७४) | |
|---|---|
| **विवरण** | **रकम (रुपैयामा)** |
| **कारोवार संचालनबाट नगद प्रवाह** | |
| यस बर्षको नाफा/(नोक्सान) | ३०,७१७,७६९ |
| जोड: ह्रासकट्टी | ३,००४,५८० |
| जोड: बैदेशिक विनिमय घाटा | ५९,४०० |
| जोड: स्थिर सम्पत्ति विक्रिबाट नाफा | (२५,१०१,९१६) |
| जोड: व्याज आम्दानी | १,९७६,१८६ |
| **चालु सम्पत्ति र दायित्व भन्दा अघिको नगद प्रवाह** | **१०,६५६,०१९** |
| चालु सम्पत्तिमा (वृद्धि)/कमी | (१९,०५८,९६४) |
| चालु दायित्वमा वृद्धि/(कमी) | (७,९८६,७७४) |
| **कारोवार संचालनबाट नगद प्रवाह** | **(१६,३८९,७२०)** |
| आर्थिक व्याज खर्च | ९,०४३,१८५ |
| **कारोवार संचालनबाट नगद प्रवाह (क)** | **(२५,४३२,९०५)** |
| **लगानी कारोवार संचालनबाट नगद प्रवाह** | |
| पुजी कार्य सम्पादनमा वृद्धि/(कमी) | - |
| सम्पत्ति विक्रिबाट नगद प्रवाह | २८,१७६,२४४ |
| स्थिर सम्पत्तिमा (वृद्धि)/कमी | (८८,९००) |
| लगानीमा (वृद्धि)/कमी | (१४,३३२,४८१) |
| न्युन: सम्पत्ति निर्सग | - |
| **लगानी कारोवार संचालनबाट नगद प्रवाह (ख)** | **१३,७५४,८६३** |
| **वित्तिय कारोवारबाट नगद प्रवाह** | |
| शेयर लगानीमा बृद्धि/(कमी) | - |
| बैक कर्जामा बृद्धि/(कमी) | (१२,६००,०००) |
| न्युन: व्याज आम्दानी | (१,९७६,१८६) |
| न्युन: आर्थिक खर्च | ९,०४३,१८५ |
| **वित्तिय कारोवारबाट नगद प्रवाह (ग)** | **(५,५३३,००१)** |
| **यस वर्षको सम्पूर्ण गतिविधिबाट नगद प्रवाह (क+ख+ग)** | **(१७,२११,०४३)** |
| जोड: नगद तथा बैंकमा रहेको शुरु मौज्दात | ३०,१८८,३६२ |
| **नगद तथा बैंकमा रहेको अन्तिम मौज्दात** | **१२,९७७,३१९** |

(ख) सञ्चालन अवधि तीन वर्ष व्यतीत भैसकेको अवस्थामा विगत तीन वर्षको र तीन वर्ष व्यतीत भैनसकेको अवस्थामा संचालन अवधिभरको लेखापरीक्षण भएको वित्तीय विवरण :

वासलातहरु

| सम्पत्ति तथा जायजेथा | वास्तविक (रु. हजारमा) | | |
|---|---|---|---|
| | आ.व. २०७१।७२ | आ.व. २०७२।७३ | आ.व. २०७३।७४ |
| **सम्पत्ति** | | | |
| **दिर्घकालिन सम्पत्ति** | | | |
| सम्पत्ति, प्लाण्ट तथा मेसिनरी | १४६,३०५.४५ | १४०,९१६.९१ | १३४,९२०.०७ |
| न्युन : संचित ह्रास | ५,३८८.५३ | ३,०११.४२ | ३,००४.५८ |
| कुल सम्पत्ति, प्लाण्ट तथा मेसिनरी | १४०,९१६.९१ | १३७,९०५.५० | १३१,९१५.४९ |
| लगानी | १०,५००.०० | १०,५००.०० | २४,८३२.४८ |
| **जम्मा दिर्घकालिन सम्पत्ति** | **१५१,४१६.९१** | **१४८,४०५.५०** | **१५६,७४७.९७** |
| **चालु सम्पत्ति** | | | |
| नगद तथा बैंक मौज्दात | १,३१०.२३ | ३०,१८८.३६ | १२,९७७.३२ |
| पेश्की, धरौटी तथा प्राप्त हुन बाँकी | ३,४९८.५९ | २७,६७३.०६ | ४६,७३२.०२ |
| **जम्मा चालु सम्पत्ति** | **४,८०८.८१** | **५७,८६१.४२** | **५९,७०९.३४** |
| **जम्मा सम्पत्ति** | **१५६,२२५.७३** | **२०६,२६६.९२** | **२१६,४५७.३१** |

| पूँजी तथा दायित्व | वास्तविक (रु. हजारमा) | | |
|---|---|---|---|
| | आ.व. २०७१।७२ | आ.व. २०७२।७३ | आ.व. २०७३।७४ |
| **पूँजी** | | | |
| शेयर पूँजी (शेयर पेश्कि समेत) | ७०,४९०.०० | १४०,०००.०० | १४०,०००.०० |
| संचित जगेडा तथा कोष/(घाटा) | (६९,६६३.८७) | (६६,१६४.५३) | (३५,४४६.७६) |
| **जम्मा पूँजी** | **८२६.१३** | **७३,८३५.४७** | **१०४,५५३.२४** |
| **दिर्घकालिन ऋण** | | | |
| सुरक्षित आवधिक कर्जा | ११९,३७७.८३ | ११२,२७३.८३ | ११०,१७३.८३ |
| **जम्मा दिर्घकालिन ऋण** | **११९,३७७.८३** | **११२,२७३.८३** | **११०,१७३.८३** |
| **चालु दायित्व तथा व्यवस्था** | | | |
| छोटो अवधि सापटी | १०,५००.०० | १०,५००.०० | - |
| व्यवसायिक तथा अन्य दायित्व | २५,५२१.७७ | ९,५८६.२० | १,०३१.९३ |
| अग्रिम करकट्टि दायित्व | - | ७१.४२ | ६९८.३१ |
| **जम्मा चालु दायित्व तथा व्यवस्था** | **३६,०२१.७७** | **२०,१५७.६२** | **१,७३०.२४** |
| **जम्मा पूँजी तथा दायित्व** | **१५६,२२५.७३** | **२०६,२६६.९२** | **२१६,४५७.३१** |

नाफा नोक्सान हिसाबहरु

| विवरण | वास्तविक (रु. हजारमा) | | |
|---|---|---|---|
| | आ.व. २०७१।७२ | आ.व. २०७२।७३ | आ.व. २०७३।७४ |
| बिद्युत बिक्री आम्दानी | ९,०६९.४२ | १८,५१०.८७ | १५,१३४.०३ |
| न्यून: रोयल्टी खर्च | - | - | - |
| न्यून: परियोजना खर्च | १,३४७.५० | २,३५३.२९ | २,३०८.०० |
| **खुद नाफा** | **७,७२१.९२** | **१६,१५७.५८** | **१२,८२६.०३** |
| जोड : अन्य आम्दानी | - | २,७१४.४१ | ३३,८००.५० |
| **न्यून:** | | | |
| **सचांलन खर्चहरु** | | | |
| प्रशासनिक खर्च | १,२८३.८५ | ३,५७०.०२ | ३,२३४.१० |
| नेपाल बिद्युत प्राधिकरण शुल्क | - | - | - |
| **सचांलन नाफा** | **६,४३८.०७** | **१५,३०१.९७** | **४३,३९२.४३** |
| **गैर सचांलन खर्चहरु** | | | |
| आर्थिक खर्च | १३,५२३.३१ | ८,७१९.८० | ९,०४३.१९ |
| ह्रास खर्च | ५,३८८.५३ | ३,०११.४२ | ३,००४.५८ |
| **कर अघिको नाफा/(नोक्सानी)** | **(१२,४७३.७८)** | **३,५७०.७५** | **३१,३४४.६६** |
| चालु आयकर | - | - | - |
| कर्मचारी बोनस व्यवस्था २% | - | ७१.४२ | ६२६.८९ |
| **खुद नाफा/(नोक्सानी)** | **(१२,४७३.७८)** | **३,४९९.३४** | **३०,७१७.७७** |

**नगद प्रवाह विवरणहरु**

| विवरण | वास्तविक (रु. हजारमा) | | |
|---|---|---|---|
| | आ.व. २०७१।७२ | आ.व. २०७२।७३ | आ.व. २०७३।७४ |
| **कारोवार संचालनबाट नगद प्रवाह** | | | |
| यस बर्षको नाफा/(नोक्सान) | (१२,४७३.७८) | ३,४९९.३४ | ३०,७१७.७७ |
| जोडः बैदेशिक विनिमय घाटा | २१२.६५ | २२६.७९ | ५९.४० |
| जोडः आर्थिक खर्च | ८,७३२.८३ | ८,७१९.८० | ९,०४३.१९ |
| जोडः व्याज आम्दानी | – | ३३.५२ | १,९७६.१९ |
| जोडः ह्रासकट्टी | ५,३८८.५३ | ३,०११.४२ | ३,००४.५८ |
| न्यूनः सम्पत्ति बिक्रिबाट नाफा | | | (२५,१०१.९२) |
| **चालु सम्पत्ति र दायित्व भन्दा अघिको नगद प्रवाह** | **१,८६०.२४** | **१५,४९०.८७** | **१९,६९९.२०** |
| चालु सम्पत्तिमा (वृद्धि)/कमी | ६९०.५९ | (२४,१७४.४७) | (१९,०५८.९६) |
| चालु दायित्वमा वृद्धि/(कमी) | ५,१२२.५२ | (१६,०९०.९४) | (७,९८६.७७) |
| **कारोवार संचालनबाट नगद प्रवाह (क)** | **७,६७३.३४** | **(२४,७७४.५४)** | **(७,३४६.५४)** |
| **लगानी कारोवार संचालनबाट नगद प्रवाह** | | | – |
| पूजी कार्य सम्पादनमा वृद्धि/(कमी) | | – | २८,१७६.२४ |
| लगानीमा (वृद्धि)/कमी | | – | – |
| स्थिर सम्पत्तिमा (वृद्धि)/कमी | | – | (१४,३३२.४८) |
| न्यूनः सम्पत्ति निर्सग | | – | (८८.९०) |
| **लगानी कारोवार संचालनबाट नगद प्रवाह (ख)** | | **–** | **१३,७५४.८६** |
| **वित्तिय कारोवारबाट नगद प्रवाह** | | | |
| शेयर लगानीमा बृद्धि/(कमी) | १,०००.०० | ६९,५१०.०० | – |
| बैक कर्जामा बृद्धि/(कमी) | १,३०१.०० | (७,१०४.००) | (१२,६००.००) |
| न्यूनः व्याज आम्दानी | – | (३३.५२) | (१,९७६.१९) |
| न्यूनः आर्थिक खर्च | (८,७३२.८३) | (८,७१९.८०) | (९,०४३.१९) |
| **वित्तिय कारोवारबाट नगद प्रवाह (ग)** | **(६,४३१.८३)** | **५३,६५२.६८** | **(२३,६१९.३८)** |
| **यस वर्षको सम्पूर्ण गतिविधिबाट नगद प्रवाह (क+ख+ग)** | **१,२४१.५१** | **२८,८७८.१४** | **(१७,२११.०५)** |
| जोडः नगद तथा बैंकमा रहेको शुरु मौज्दात | ६८.७२ | १,३१०.२३ | ३०,१८८.३६ |
| **नगद तथा बैंकमा रहेको अन्तिम मौज्दात** | **१,३१०.२३** | **३०,१८८.३६** | **१२,९७७.३१** |

(ग) **आर्थिक बर्ष समाप्त भएको ६ महिना पश्चात विवरणपत्र स्वीकृतीको लागी पेश गरेमा उक्त अन्तरिम अवधिको लागि लेखापरिक्षकबाटप्रमाणित गरेको अपरिष्कृत वित्तिय विवरण** :चालु आ. व. २०७३।०७४ को पौष मसान्त सम्मको लेखा परीक्षित वित्तीय विवरण निम्न अनुसार भएको :

**वासलात (पौष मसान्त २०७४)**

| सम्पत्ति तथा जायजेथा | रकम (रुपैयामा) |
|---|---|
| **सम्पत्ति** | |
| **दिर्घकालिन सम्पत्ति** | |
| सम्पत्ति, प्लाण्ट तथा मेसिनरी | १३९,५३०,२१८ |
| न्युन : संचित ह्रास | (८,३८८,९६१) |
| कुल सम्पत्ति, प्लाण्ट तथा मेसिनरी | १३१,१४१,२५७ |
| लगानी | २४,९६६,३८१ |
| **जम्मा दिर्घकालिन सम्पत्ति** | **१५६,१०७,६३८** |
| **चालु सम्पत्ति** | |
| नगद तथा बैंक मौज्दात | २५,९७६,२७७ |
| पेश्की, धरौटी तथा प्राप्त हुन बाँकी | ४७,६२३,५३० |
| **जम्मा चालु सम्पत्ति** | **७३,५९९,८०७** |
| **जम्मा सम्पत्ति** | **२२९,७०७,४४५** |

| पूँजी तथा दायित्व | रकम (रुपैयामा) |
|---|---|
| **पूँजी** | |
| शेयर पूँजी (शेयर पेश्कि समेत) | १४०,०००,००० |
| संचित जगेडा तथा कोष/(घाटा) | (२१,५०८,७०१) |
| **जम्मा पूँजी** | **११८,४९१,२९९** |
| **दिर्घकालिन ऋण** | |
| सुरक्षित आवधिक कर्जा | १०९,१४२,८३० |
| **जम्मा दिर्घकालिन ऋण** | **१०९,१४२,८३०** |
| **चालु दायित्व तथा व्यवस्था** | |
| छोटो अवधि सापटी | - |
| व्यवसायिक तथा अन्य दायित्व | १,०९०,५५८ |
| व्यवस्थाहरु | ९८२,७५८ |
| **जम्मा चालु दायित्व तथा व्यवस्था** | **२,०७३,३१६** |
| **जम्मा पूँजी तथा दायित्व** | **२२९,७०७,४४५** |

## नाफा- नोक्सान हिसाब (श्रावण १, देखि पौष ३०, २०७४)

| विवरण | रकम (रुपैयामा) |
|---|---|
| बिद्युत बिक्री आम्दानी | ७,५८२,५११ |
| न्यून: रोयल्टी खर्च | - |
| न्यून: परियोजना खर्च | (१,८३४,०४५) |
| **खुद नाफा** | **५,७४८,४६७** |
| जोड : अन्य आम्दानी | १७,१९४,६९१ |
| **न्यून:** | |
| **सचांलन खर्चहरु** | |
| प्रशासनिक खर्च | (१,२३०,०६२) |
| नेपाल बिद्युत प्राधिकरण शुल्क | - |
| **सचांलन नाफा** | **२१,७१३,०९६** |
| **गैर सचांलन खर्चहरु** | - |
| आर्थिक खर्च | (५,०१५,२०५) |
| ह्रास खर्च | (२,४७५,३७९) |
| **कर अघिको नाफा/(नोक्सानी)** | **१४,२२२,५१३** |
| चालु आयकर | - |
| कर्मचारी बोनस व्यवस्था २% | २८४,४५० |
| **खुद नाफा/(नोक्सानी)** | **१३,९३८,०६३** |

**नगद प्रवाह विवरण (श्रावण १, देखि पौष ३०, २०७४)**

| विवरण | रकम (रुपैयामा) |
|---|---|
| **(क) कारोवार संचालनबाट नगद प्रवाह** | |
| यस बर्षको नाफा/(नोक्सान) | १३,९३८,०६३ |
| जोडः ह्रासकट्टी | २,४७५,३७९ |
| जोडः बैदेशिक विनिमय घाटा | - |
| न्यून: सम्पत्ति निर्सगबाट नाफा | - |
| व्याज भुक्तानी | |
| जोडः व्याज आम्दनी | १४९,०९१ |
| **चालु सम्पत्ति र दायित्व भन्दा अघिको नगद प्रवाह** | **१६,५६२,५३३** |
| चालु सम्पत्तिमा (वृद्धि)/कमी | (८९१,५०८) |
| चालु दायित्वमा वृद्धि/(कमी) | ३४३,०७४ |
| **कारोवार संचालनबाट नगद प्रवाह (क)** | **१६,०१४,०९९** |
| **(ख) लगानी कारोवार संचालनबाट नगद प्रवाह** | - |
| सम्पत्ति निर्सगबाट नगद प्रवाह | - |
| लगानीमा (वृद्धि)/कमी | (१३३,९००) |
| व्याज भुक्तानी | ५,०१५,२०५ |
| न्यून: सम्पत्ति निर्सग | (१,७०१,१४९) |
| **लगानी कारोवार संचालनबाट नगद प्रवाह (ख)** | **३,१८०,१५५** |
| **वित्तिय कारोवारबाट नगद प्रवाह** | - |
| शेयर लगानीमा बृद्धि/(कमी) | - |
| बैक कर्जामा बृद्धि/(कमी) | (१,०३१,०००) |
| व्याज आम्दानी | (१४९,०९१) |
| व्याज भुक्तानी | (५,०१५,२०५) |
| **वित्तिय कारोवारबाट नगद प्रवाह (ग)** | **(६,१९५,२९६)** |
| **यस वर्षको सम्पूर्ण गतिविधिबाट नगद प्रवाह (क+ख+ग)** | **१२,९९८,९५८** |
| जोडः नगद तथा बैंकमा रहेको शुरु मौज्दात | १२,९७७,३१९ |
| **नगद तथा बैंकमा रहेको अन्तिम मौज्दात** | **२५,९७६,२७७** |

(घ) **आम्दानी र खर्च हिसावको कुनै शीर्षकमा ठुलो मात्रामा परिवर्तन भएमा त्यसको विश्लेषणात्मक कारण** :सो नभएको ।

(ङ) **पछिल्लो वित्तीय विवरणको लेखापरीक्षण भए पश्चात संगठित संस्थाको कारोबार, नाफा नोक्सान,सम्पत्तिको मुल्य वा आगामी १२ महिनाको दायित्व भुक्तानीमा असर पर्ने गरी कुनै अवस्था सिर्जना भएको छ/छैन सो सम्बन्धमा संचालकहरुको धारणा** : सो नभएको।

(च **आर्थिक वर्ष समाप्त भएपछि विवरणपत्र पेश गरेमा, आर्थिक वर्ष समाप्त भएको मितिबाट पेश भएको मितिसम्ममा वासलातको मिति पछिको घटनाको वारेमा छुट्टै जानकारी विवरणपत्रमा समावेश गर्नुपर्ने** :सो नभएको।

(छ) **विगत ५ वर्षमा सम्पत्तिको पुनर्मूल्यांकन गरिएको छ/छैन, यदि गरिएको भए (अ) सम्पत्तिको विवरण (आ) सम्पत्तिको पुनर्मूल्यांकन अघि र पछिको कितावी मूल्य(ई) पुनर्मूल्यांकनको औचित्य** : सो नभएको ।

(ज) **आगामी तीन वर्षको प्रक्षेपित वासलात, नाफा नोक्सान हिसाबका साथै त्यसका गणनाको आधारहरुः**कम्पनीको आगामी ३ आर्थिक वर्षको लागि प्रक्षेपित वित्तीय स्थिति देहाय बमोजिम रहेको छ :

**वासलातहरु**

| सम्पत्ति तथा जायजेथा | प्रक्षेपित (रु. हजारमा) | | |
|---|---|---|---|
| | आ.व. २०७४।७५ | आ.व. २०७५।७६ | आ.व. २०७६।७७ |
| **सम्पत्ति** | | | |
| **दिर्घकालिन सम्पत्ति** | | | |
| सम्पत्ति, प्लाण्ट तथा मेसिनरी | १३३,६१६.६४ | १३०,७९५.६९ | १२७,९८४.६९ |
| न्यून : संचित ह्रास | २,८२०.९४ | २,८११.०० | २,८०३.२६ |
| कुल सम्पत्ति, प्लाण्ट तथा मेसिनरी | १३०,७९५.७० | १२७,९८४.६९ | १२५,१८१.४३ |
| लगानी | २४,९६६.३८ | २४,९६६.३८ | २४,९६६.३८ |
| **जम्मा दिर्घकालिन सम्पत्ति** | **१५५,७६२.०८** | **१५२,९५१.०७** | **१५०,१४७.८१** |
| **चालु सम्पत्ति** | | | |
| नगद तथा बैंक मौज्दात | ३०,५९१.७३ | ४४,४३१.८२ | ५७,९४९.९१ |
| पेश्की, धरौटी तथा प्राप्त हुन बाँकी | ५६,१६७.४२ | ५६,१६७.४२ | ५६,१६७.४२ |
| **जम्मा चालु सम्पत्ति** | **८६,७५९.१५** | **१००,५९९.२४** | **११४,११७.३३** |
| **न्यून: चालु दायित्व तथा व्यवस्था** | | | |
| छोटो अवधि सापटी | - | - | - |
| व्यवसायिक तथा अन्य दायित्व | १,८४०.०० | १,८४०.०० | १,८४०.०० |
| अग्रिम करकट्टि दायित्व | ४६७.०० | २८१.०० | २८३.०० |
| **जम्मा चालु दायित्व तथा व्यवस्था** | २,३०७.०० | २,१२१.०० | २,१२३.०० |
| **जम्मा सम्पत्ति** | **२४०,२१४.२३** | **२५१,४२९.३२** | **२६२,१४२.१५** |

| पूँजी तथा दायित्व | प्रक्षेपित (रु. हजारमा) | | |
|---|---|---|---|
| | आ.व. २०७४।७५ | आ.व. २०७५।७६ | आ.व. २०७६।७७ |
| **पूँजी** | | | |
| शेयर पूँजी (शेयर पेश्कि समेत) | २००,०००.०० | २००,०००.०० | २००,०००.०० |
| संचित जगेडा तथा कोष/(घाटा) | (१२,५५९.६०) | १,२०५.४९ | १५,०६८.३२ |
| **जम्मा पूँजी** | **१८७,४४०.४०** | **२०१,२०५.४९** | **२१५,०६८.३२** |
| **दिर्घकालिन ऋण** | | | |
| सुरक्षित आवधिक कर्जा | ५२,७७३.८३ | ५०,२२३.८३ | ४७,०७३.८३ |
| **जम्मा दिर्घकालिन ऋण** | **५२,७७३.८३** | **५०,२२३.८३** | **४७,०७३.८३** |
| **जम्मा पूँजी तथा दायित्व** | **२४०,२१४.२३** | **२५१,४२९.३२** | **२६२,१४२.१५** |

**नाफा नोक्सान हिसाबहरु**

| विवरण | प्रक्षेपित (रु. हजारमा) | | |
|---|---|---|---|
| | आ.व. २०७४।७५ | आ.व. २०७५।७६ | आ.व. २०७६।७७ |
| बिद्युत बिक्री आम्दानी | २७,६४४.५४ | २७,६४४.५४ | २७,६४४.५४ |
| न्यून: रोयल्टी खर्च | - | - | - |
| न्यून: परियोजना खर्च | २,३७७.२४ | २,४४८.५६ | २,५२२.०२ |
| **खुद नाफा** | **२५,२६७.३०** | **२५,१९५.९८** | **२५,१२२.५२** |
| जोड : अन्य आम्दानी | १८,२९४.६९ | - | - |
| **न्यून:** | | | |
| **सचांलन खर्चहरु** | | | |
| आइपीओ खर्चहरु | ५,०००.०० | - | - |
| प्रशासनिक खर्च | ३,३३१.१२ | ३,४३१.०५ | ३,५३३.९९ |
| नेपाल बिद्युत प्राधिकरण शुल्क | - | - | - |
| **सचांलन नाफा** | **३५,२३०.८७** | **२१,७६४.९२** | **२१,५८८.५४** |
| **गैर सचांलन खर्चहरु** | | | |
| आर्थिक खर्च | ९,०५५.७६ | ४,९०७.८३ | ४,६३९.४५ |
| ह्रास खर्च | २,८२०.९४ | २,८११.०० | २,८०३.२६ |
| **कर अघिको नाफा/(नोक्सानी)** | **२३,३५४.१७** | **१४,०४६.०९** | **१४,१४५.८३** |
| चालु आयकर | - | - | - |
| कर्मचारी बोनस व्यवस्था २% | ४६७.०० | २८१.०० | २८३.०० |
| **खुद नाफा/(नोक्सानी)** | **२२,८८७.१६** | **१३,७६५.०९** | **१३,८६२.८३** |

### नगद प्रवाह विवरणहरु

| विवरण | प्रक्षेपित (रु. हजारमा) | | |
|---|---|---|---|
| | आ.व. २०७४।७५ | आ.व. २०७५।७६ | आ.व. २०७६।७७ |
| **कारोवार संचालनबाट नगद प्रवाह** | | | |
| यस बर्षको नाफा/(नोक्सान) | २२,८८७.१६ | १३,७६५.०९ | १३,८६२.८३ |
| जोडः बैदेशिक विनिमय घाटा | – | – | – |
| जोडः आर्थिक खर्च | ९,०५५.७६ | ४,९०७.८३ | ४,६३९.४५ |
| जोडः ह्रसकट्टी | २,८२०.९४ | २,८११.०० | २,८०३.२६ |
| सम्पत्ति विक्रिबाट (नाफा) /नोक्सान | – | – | – |
| **चालु सम्पत्ति र दायित्व भन्दा अघिको नगद प्रवाह** | **३४,७६३.८६** | **२१,४८३.९२** | **२१,३०५.५४** |
| चालु सम्पत्तिमा (वृद्धि)/कमी | (९,४३५.४०) | – | – |
| चालु दायित्वमा वृद्धि/(कमी) | ५७६.७६ | (१८६.००) | २.०० |
| **कारोवार संचालनबाट नगद प्रवाह (क)** | **२५,९०५.२२** | **२१,२९७.९२** | **२१,३०७.५४** |
| **लगानी कारोवार संचालनबाट नगद प्रवाह** | | | |
| पूजी कार्य सम्पादनमा वृद्धि/(कमी) | – | – | – |
| सम्पत्ति विक्रिबाट नगद प्रवाह | – | – | – |
| लगानी बिक्रिबाट नगद प्रवाह | – | – | – |
| लगानीमा (वृद्धि)/कमी | (१३३.९०) | – | – |
| स्थिर सम्पत्तिमा (वृद्धि)/कमी | (१,७०१.१५) | – | – |
| न्यूनः सम्पत्ति निर्सग | – | – | – |
| **लगानी कारोवार संचालनबाट नगद प्रवाह (ख)** | **(१,८३५.०५)** | | **–** |
| **वित्तिय कारोवारबाट नगद प्रवाह** | | | |
| शेयर लगानीमा बृद्धि/(कमी) | ६०,०००.०० | – | – |
| बैक कर्जामा बृद्धि/(कमी) | (९,०५५.७६) | (४,९०७.८३) | (४,६३९.४५) |
| न्यूनः आर्थिक खर्च | (५७,४००.००) | (२,५५०.००) | (३,१५०.००) |
| **वित्तिय कारोवारबाट नगद प्रवाह (ग)** | **(६,४५५.७६)** | **(७,४५७.८३)** | **(७,७८९.४५)** |
| **यस वर्षको सम्पूर्ण गतिविधिबाट नगद प्रवाह (क+ख+ग)** | **१७,६१४.४१** | **१३,८४०.०९** | **१३,५१८.०९** |
| जोडः नगद तथा बैंकमा रहेको शुरु मौज्दात | १२,९७७.३२ | ३०,५९१.७३ | ४४,४३१.८२ |
| **नगद तथा बैंकमा रहेको अन्तिम मौज्दात** | **३०,५९१.७३** | **४४,४३१.८२** | **५७,९४९.९१** |

**वित्तीय प्रक्षेपणका बृद्धिदर :**

| विवरण | आ.ब.२०७४/०७५ | आ.ब.२०७५/०७६ | आ.ब.२०७६/०७७ |
|---|---|---|---|
| बिद्युत बिक्री आम्दानी | ०.००%) | ०.००%) | ०.००%) |
| परियोजना खर्च | ३.००%) | ३.००%) | ३.००%) |
| प्रशासनिक खर्च | ३.००%) | ३.००%) | ३.००%) |
| नेपाल बिद्युत प्राधिकरण शुल्क | ०.००%) | ०.००%) | ०.००%) |
| आर्थिक खर्च | ०.१४%) | (४५.८०%) | (५.४७%) |

**वित्तीय प्रक्षेपणका आधार तथा तरिकाहरु :**

१. धितोपत्रको सार्वजनिक निस्कासन गर्ने आधारमा आ.ब. २०७४/०७५ मा शेयर पूँजी रु. ६,००,००,०००/– ले बृदि गर्ने प्रक्षेपण गरीएको छ ।
२. बैंक ऋण आ.ब.२०७४/०७५ मा रु.६ करोड चुक्ता गर्ने प्रक्षेपण गरीएको छ ।
३. ह्रास खर्च कम्पनी नियमानुसार तथा पूर्व प्रणली अनुसार प्रक्षेपण गरीएको छ र कुनै नयाँ सम्पत्ति खरी दगर्ने प्रक्षेपण नगरिएको ।
४. प्राप्त हुन बाँकि रकमको प्राप्तिका लागि ६० दिन प्रक्षेपण गरिएको छ ।
५. व्यावसायिक तथा अन्य दायित्वका भुक्तानीका र नगद, बैंकका लागि पूर्व प्रणाली अनुसार प्रक्षेपण गरिएको छ ।
६. लाभांस भुक्तानीको लागि कुनै पनि वर्षमा व्यवस्था नगरिएको ।
७. नेपाल विद्युत प्राधिकरणसँग भएको विद्युत खरिद सम्झौताको आधारमा विद्युत बिक्री आम्दानी प्रक्षेपण गरीएको छ ।
८. आ.ब. २०७४।०७५खर्चहरु (परियोजना तथा प्रसाशनिक दुबै) हरेक बर्ष ३% का दरले बृद्धि हुने गरी प्रक्षेपण गरिएको छ ।
९. धितोपत्रको सार्वजनिक निष्कासन सम्बन्धित कार्यका लागि रु.५० लाखको खर्च अनुमान गरिएको छ ।
१०. बैंक ऋणको ब्याज गणनाका लागि ९.५% ब्याज दर लिईएको छ जुन लगानी बैंकले उपलब्ध गराएको ब्याज दर सम्बन्धि पत्र अनुसार रहेको छ ।
११. कर्मचारी बोनसको व्यवस्था २% का दरले हरेक बर्ष प्रक्षेपण गरीएको छ ।

**ग.९.ख.वित्तीय अनुपात सम्बन्धी विवरण :**

**(क) सञ्चालन अवधि तीन बर्ष ब्यतीत भैसकेको अवस्थामा विगत तीन बर्षको र तीन बर्ष ब्यतीत भैनसकेको अवस्थामा सञ्चालन अवधिको तथा आगामी तीन बर्षको प्रक्षेपित प्रति शेयर आम्दानी (EPS) तथा प्रति शेयर नेटवर्थ :**
कम्पनीको नेटवर्थ तथा प्रति शेयर आम्दानीमा भएको वास्तविक तथा प्रक्षेपित औसत प्रतिफल देहाय बमोजिमरहेकोछ :

| विवरण | वास्तविक | | | प्रक्षेपित | | |
|---|---|---|---|---|---|---|
| | आ. व. २०७१/०७२ | आ. व २०७२/०७३ | आ. व २०७३/०७४ | आ. व. २०७४/०७५ | आ. व. २०७५/०७६ | आ. व. २०७६/०७७ |
| प्रति शेयर नेटवर्थ (रु.) | १.१७ | ५२.७४ | ७४.६८ | ९३.७२ | १००.६० | १०७.५३ |
| प्रति शेयर आम्दानी (रु.) | (१७.७०) | २.५५ | २१.९४ | ११.४४ | ६.८८ | ६.९३ |
| संचित जगेडा तथा कोष/(घाटा) | (६९,६६३.८७) | (६६,१६४.५३) | (३५,४४६.७६) | (१२,५५९.६०) | १,२०५.४९ | १५,०६८.३२ |

**(ख) विगत ३ बर्षको नेटवर्थमा भएको औसत प्रतिफल :**

| विवरण | वास्तविक (रु. हजारमा) | | | | प्रक्षेपित (रु. हजारमा) | | |
|---|---|---|---|---|---|---|---|
| | आ. व. २०७०/०७१ | आ. व. २०७१/०७२ | आ. व २०७२/०७३ | आ. व २०७३/०७४ | आ. व. २०७४/०७५ | आ. व. २०७५/०७६ | आ. व. २०७६/०७७ |
| चुक्ता पुंजी | ६९,४९०.०० | ७०,४९०.०० | १४०,०००.०० | १४०,०००.०० | २००,०००.०० | २००,०००.०० | २००,०००.०० |
| जगेडा तथा कोषहरु | (५७,१९०.०९) | (६९,६६३.८७) | (६६,१६४.५३) | (३५,४४६.७६) | (१२,५५९.६०) | (१२,५५९.६०) | १५,०६८.३२ |
| **कुल** | **१२,२९९.९१** | **८२६.१३** | **७३,८३५.४७** | **१०४,५५३.२४** | **१८७,४४०.४०** | **१८७,४४०.४०** | **२१५,०६८.३२** |
| न्यून: अपलेखन गर्न बाँकी खर्च | - | - | - | - | - | - | - |
| **कुल नेटवर्थ** | **१२,२९९.९१** | **८२६.१३** | **७३,८३५.४७** | **१०४,५५३.२४** | **१८७,४४०.४०** | **१८७,४४०.४०** | **२१५,०६८.३२** |
| शेयर संख्या (हजारमा) | ६९४.९० | ७०४.९० | १,४००.०० | १,४००.०० | २,०००.०० | २,०००.०० | २,०००.०० |
| प्रति शेयर नेटवर्थ (रु.) | १७.७० | १.१७ | ५२.७४ | ७४.६८ | ९३.७२ | ९३.७२ | १०७.५३ |
| प्रति शेयर चुक्ता पुंजी | १००.०० | १००.०० | १००.०० | १००.०० | १००.०० | १००.०० | १००.०० |
| नेटवर्थमा औसत प्रतिफल | (९४.१२) | (१,५०९.९१) | ४.८४ | २९.९८ | १२.४६ | १२.४६ | ६.५३ |
| निष्काशन पूर्वको प्रति शेयर आम्दानी (EPS) कायम राख्न बृद्धि हुने नेटवर्थमा आवश्यक न्यूनतम प्रतिफल (प्रतिशतमा) | | | | | २६.६७% | | |

कम्पनीको वित्तिय विवरण प्रक्षेपण विगत बर्षको कारोबारको आधारमा निष्कासन कम्पनीले तयार गरेको हो । उक्त वित्तिय प्रक्षेपणको आधारहरु तथा तरिका पुनरावलोकन गरी ठिक छ भनिश्री पि.डि. कार्की एण्ड एशोशियट्का चार्टड एकाण्टेण्ट श्री प्रचण्ड ध्वज कार्कीले गर्नु भएको हो ।

**ग.१०. धितोपत्र निष्काशन सम्बन्धी विवरण :**

**ग.१०.क. धितोपत्र जारी गर्नुको उद्देश्य :**

कम्पनीको प्रबन्धपत्र तथा नियमावलीमा व्यवस्था भए अनुसार जारी पूँजीको ३०% अर्थात रु.६,००,००,०००/–(अक्षरेपी छ करोड रुपैंया मात्र) रकम बराबर प्रति शेयर अंकित मुल्य रु.१००/–को ६,००,०००कित्ता साधारण शेयर सर्वसाधारणहरुको निमित्त छुट्याईएको छ । जसमध्ये आयोजना प्रभावित (उद्योग प्रभावित) क्षेत्रका स्थानिय वासिन्दाहरुलाई धितोपत्र दर्ता तथा निष्कासन नियमावली, २०७३ बमोजिमजारी पूँजीको १०%अर्थातरु.२,००,००,०००/–बराबर प्रति शेयर अंकित मूल्य रु.१००/–को २,००,००० कित्ता शेयर छुट्याई निष्कासन तथा बिक्री गरी आयोजना प्रभावित संखुवासभा जिल्लाकास्थानीय बासिन्दाहरुका लागि निष्कासन तथा बिक्री गरी स्थानीय बासिन्दाहरुलाई लगानीको अवसर दिनु तथा कम्पनीबाट आयोजना निर्माणको लागिप्राप्त गरेको दीर्घकालीलन ऋृण भुक्तानीको लागि रकम संकलन गर्नु यस निष्कासनको मुख्य उद्देश्य हो ।

**ग.१०.ख धितोपत्र निष्कासनबाट प्राप्त पुंजीको उपयोग**

(क) **निष्कासनबाट प्राप्त हुने कूल रकमलाई प्रयोग गर्ने क्षेत्र सम्बन्धी विवरण :**कम्पनीले आयोजना निर्माणको लागि श्री एभरेष्ट बैंक लि.को अगुवाइमा श्री एभरेष्ट बैंक लि., नेपाल एसबीआई बैंक लि. र प्रभु बैंक लि. बाट कर्जा लगानी वापत रु.११,७५,५६,६६०।- प्राप्त गरेकोमा रु. ७२,८२,८३० भुक्तानी भएको कट्टा गरि हुन आएको बाँकि साँवा रकम रु. ११,०१,७३,८३१।- रहेको छ । धितो पत्र निष्कासन पश्चात प्राप्त हुने रकमलाई कम्पनीबाट आयोजना निर्माणको लागि प्राप्त गरेको दीर्घकालीन ऋृण भुक्तानीको लागिप्रयोग गरिनेछ ।

| क्र.सं | बैक | लिएको कर्जा | भुक्तानी भएको | आ.व ०७३।०७४ बाँकी | कर्जा मिति | कर्जा अबधि |
|---|---|---|---|---|---|---|
| १ | एभरेष्ट बैक लिमिटेड | **५६,६९१,६६०।००** | **३,८११,४१७।५८** | **५२,८८०,२४२।४२** | **जुलाइ ८, २००८** | **२० वर्ष** |
| २ | नेपाल एस.बि.आई.बैक लिमिटेड | **४०,०००,०००।००** | **२,८४१,४११।९७** | **३७,१५८,५८८।०३** | **जुलाइ ८, २००८** | **२० वर्ष** |
| ३ | प्रभु बैक लिमिटेड | **२०,८६५,०००।००** | **७३०,०००।००** | **२०,१३५,०००।००** | **जुलाइ ८, २००८** | **२० वर्ष** |
| | जम्मा | **११७,५५६,६६०।००** | **७,३८२,८२९।५५** | **११०,१७३,८३०।४५** | | |

(ख) **सार्वजनिक निष्कासन गरिने धितोपत्र पूर्ण रुपमा विक्री नभएमा सार्वजनिक निष्कासनको लागि उद्देश्य प्राप्ती गर्नको लागि अपनाइने बैकल्पिक व्यवस्था** :अन्य जलविद्युत कम्पनीले शेयर निष्कासन गर्दा विगतमा मागभन्दा बढी शेयरको लागि दरखास्त परी शेयर कारोबार समेत भई सकेकोछ । कथंकदाचित निष्कासन गरिने शेयर स्थानिय बासिन्दाहरुले पूर्णरुपमा खरिद नगरेमा बांकि शेयर सर्वसाधारणहरुको लागी निष्कासन गरिने शेयरमा थप गरिने छ ।

(ग) **आयोजनाको संचालन स्थान, आयोजना चरणबद्ध रुपका कार्यान्वयन गरिने भए प्रत्येक चरणमा लाग्ने खर्च, कुनै चरण समाप्त भैसकेको भए सो सम्बन्धी विवरण** :यस कम्पनीबाट संखुवासभा जिल्लाको चैनपुर नगरपालिका वडा नं. ८ र १५ (साविकको चैनपुर गा.वि.स. वडा नं. १ र बानेश्वर गा.वि.स. वडा नं. ५)स्थित पिलुवाखोलामा जलविद्युत आयोजना निर्माण कार्य सम्पन्न भई मिति २०६८ श्रावण१गतेबाट संचालनमा रहेकोछ ।

(घ) **आयोजना सम्पन्न हुने, परिक्षण उत्पादन शुरु हुने र पूर्ण व्यावसायिक उत्पादन शुरु हुने अनुमानित मिति** :आयोजनाको निर्माण कार्य सम्पन्न भई मिति २०६८ श्रावण१गतेदेखि संचालनमा रहेको छ ।

(ङ) **संगठित संस्थाले कुनै उपकरण खरिद गरेको वा गर्न लागेको भए उक्त उपकरणको मूल्य वा प्रास्तावित मूल्य सप्लायर्सको नाम र सप्लायर्ससँग सम्झौता भएको भए सो को मुख्य बूँदाहरु**:विगतमाईलेक्ट्रो मेकानिकल ईक्वीपमेन्टकोसप्लायर्सक्विनकाङ्ग एलोनवार्ड हाइड्रो ईक्वीपमेन्ट कम्पनी प्रा.लि.बाट खरिद गरिएको हो ।हाल उक्त कम्पनी तथा अन्य कुनै कम्पनीसंग कुनै प्रकारको सम्झौता नरहेको ।

(च) **कुनै पार्टीसँग प्रतिलिपि अधिकार ट्रेडमार्क इजाजतपत्र रोयल्टी सहकार्य सम्बन्धमा वा वित्तीय वा प्राविधिक सम्झौता गरिएको भए सो को प्रमुख शर्तहरु र पार्टीको नाम ठेगाना सम्बन्धी विस्तृत विवरण** :सो नभएको ।

(छ) **उत्पादन सम्बन्ध आयोजना भए सो को प्रकृति प्रयोगकर्ता प्रतिस्पर्धा लक्षित समूह, उत्पादन क्षमता विगत वर्षहरुको क्षमता उपभोग वा भविष्यमा गरिने क्षमता उपभोग सम्बन्धी विवरण** :कम्पनीबाट संखुवासभा जिल्लाको चैनपुर नगरपालिका वडा नं. १५ (साविकको चैनपुर गा.वि.स. वडा नं. १ र बानेश्वर गा.वि.स. वडा नं. ५)मा निर्माण भई संचालनमा रहेको जलविद्युत आयोजनाको विद्युत उत्पादन क्षमता ९९०किलोवाट रहेकोछ ।

(ज) **आयोजनाको लागि आवश्यक कच्चा पदार्थको उपलव्धता र त्यसको श्रोत** :संखुवासभाजिल्लाकोचैनपुर न.पा. (साबिक बानेश्र गा.वि.स.) भई बग्ने पिलुवा खोलाको पानी ।

(झ) **आयोजनाको लागि आवश्यक हुने विद्युत, पानी, ग्यासको मात्रा र त्यसको श्रोत**:संखुवासभा जिल्लाको चैनपुर न.पा. (साबिक बानेश्र गा.वि.स.) भई बग्ने पिलुवाखोलाको पानी ।

(ञ) **सार्वजनिक निष्कासनको लागि गरिने खर्च प्रमुख रुपमा देहायमा उल्लेखित पक्षहरुलाई दिने शुल्कहरु छुट्टाछुट्टै रुपमा प्रस्तुत गर्नु पर्ने ।**

(अ) निष्कासन तथा बिक्री प्रबन्धक – रु.१,००,०००/–

(आ) ट्रष्टी (डिवेन्चर निष्कासनको हकमा) – निष्कासन गरिने डिवेन्चर नभई साधारण शेयर भएको ।

(ई) प्रत्याभूतिकर्ता शुल्क – रु. ४,५०,०००।-

(इ) विज्ञहरुको पारिश्रमिक वा सेवा शुल्क – नभएको ।

(उ) लेखापरिक्षकको शुल्क – प्रक्षेपित वित्तीय विवरण प्रमाणित गरे बापत रु.५०,०००/–भुक्तानी गरिएको ।

(ऊ) अन्य (जस्तै संकलन केन्द्र, निष्कासन बैंक आदि)– संकलन केन्द्रहरुले रकम संकलन तथा फिर्ता भुक्तानी गरे बापत जम्मा रु.५,५०,०००/–कमिशन दिने र डिम्याट क्रेडिट गरे बापत प्रति प्रमाणपत्र रु.१/–का दरले भुक्तानी दिने ब्यबस्था गरिएको छ ।

**ग.१०.ग. सार्वजनिक निष्कासनबाट प्राप्त रकमलाई परियोजनामा प्रयोग गर्न पूर्व अन्य कुनै व्यवस्था गर्न लागिएको छ भने तत्सम्बन्धी विवरण**: सो नभएको ।

**ग.१०.घ. प्रिमियममा धितोपत्र जारी गर्ने भएमा प्रिमियम मूल्य निर्धारण गर्दा अपनाईएको विधि र औचित्य** : शेयरको मुल्यमा प्रिमियम थप गरिएको छैन ।

**ग.१०.ङ धितोपत्रको बाँडफाँट, फिर्ता भुक्तानी तथा सूचीकरण सम्बन्धी विवरण**:

(क) **अत्याधिक माग वा न्यून माग भएको अवस्थामा बाँडफाँटको प्रकृया** :शुभम पावर लिमिटेडद्वारा प्रवर्द्धन गरिएको लोअरपिलुवा खोला साना जलविद्युत आयोजनाले प्रभावित क्षेत्र संखुवासभा जिल्ला भित्र स्थायी बसोबास गर्ने

उद्योग प्रभावित क्षेत्रका बासिन्दाहरुलाई सुरक्षित गरिएको जारी पूँजी मध्येको २,००,००० कित्ता साधारण शेयर खरिद गर्न पाउने छन् । कम्पनीले उद्योग प्रभावित बासिन्दाहरुलाई खरिद गर्न आब्हान गरेको सम्पुर्ण साधारण शेयर बिक्री नभई बाँकी रहेमा धितोपत्र निष्कासन तथा बाँडफाँट निर्देशिका, २०७४ को दफा ३० को अधिनमा रही बाँडफाँटको प्रकृया अवलम्वन गरिने छ । र यसरी बाँकी रहेका शेयर सर्वसाधारणहरुमा थप गरी निष्कासन गरिने छ ।

(ख) **अत्याधिक माग भएको वा बाँडफाँट नभएको अवस्थामा फिर्ता भुक्तानी सम्वन्धी व्यवस्था:** शेयर विक्री बन्द भएको मितिले धितोपत्र निष्कासन तथा बाँडफाँट निर्देशिका, २०७४ को दफा २९ मा व्यवस्था भएको समयभित्र शेयर बाँडफाँट गरी पूर्ण वा आंशिक रुपमा स्वीकृत/अस्वीकृत भएको व्यहोरा जनाइएको शेयर बाँडफाँट पत्र र रकम फिर्ता भुक्तानी पूर्जा दिइनेछ । कथमकदाचित उक्त समयावधिभित्र बाँडफाँट गर्न नसकेमा आवेदकले दरखास्त वापत जम्मा गरेको रकम आवेदकलाई फिर्ता भुक्तानी गर्नु पर्नेछ ।

(ग) **निवेदन साथ प्राप्त रकमको फिर्ता भुक्तानीमा ढिलाई भएमा दिइने व्याजदर :** धितोपत्र निष्कासन निर्देशिका, २०७४ ले निर्धारित गरेको समयभित्र शेयरको बाँडफाँट–पत्र तथा रकम फिर्ता भुक्तानी दिन नसकिएमादफा २९को उपदफा ३ मा भएको व्यबस्था बमोजिम शेयरबिक्री बन्द भएको मितिदेखि रकम फिर्ता भुक्तानी दिन शुरु गरेको अघिल्लो दिनसम्मको सरकारी ऋणपत्रको प्रचलित अन्तिम व्याजदरको आधारमा हुन आउने व्याज सहित हिसाव गरी रकम फिर्ता भुक्तानी गरिनेछ ।

(घ) **धितोपत्रको बाँडफाँट तथा प्रमाणपत्र जारी सम्वन्धी प्रकृया र समयावधी :** निष्कासन गरिने साधारण शेयर धितोपत्र निष्कासन तथा बाँडफाँट निर्देशिका, २०७४ तथा प्रचलित शेयर बाँडफाँट सम्वन्धी व्यवस्था अनुसार साधारण शेयरको बाँडफाँट गरी तोकिएको समयावधिभित्र शेयरधनी/हितग्राहीको धितोपत्र निजहरुको हितग्राही खातामा पठाउने व्यवस्था मिलाइनेछ ।

(ङ) **धितोपत्र सूचिकरण भैसकेको भए त्यस्तो धितोपत्र सूचिकरण गरिएको धितोपत्र बजारको नाम धितोपत्र कारोवार शुरु हुनको लागि संगठित संस्थाले पूरा गर्नुपर्ने शर्तहरु सम्बन्धि विवरण :**सो नभएको ।

(च) **धितोपत्र सूचिकरण भैनसकेको भए, संगठित संस्थाले निष्कासन तथा विक्री गरिने धितोपत्रहरु प्रचलित ऐन, नियम अनुसार सहज खरीद/बिक्री वा विनिमय हुन सक्ने गराउनको लागि गरिने व्यवस्था सम्बन्धी विवरण** :निष्कासन गरिने साधारण शेयरको बाँडफाँट पश्चात धितोपत्र निष्कासन तथा बाँडफाँट निर्देशिका, २०७४ मा भएको व्यवस्था अनुसार निर्धारित अवधिभित्र सर्वसाधारणलाई सार्वजनिकनिष्कासन गरिने धितोपत्र तथा उद्योग प्रभावित क्षेत्रका बासिन्दाहरुलाई निष्कासन गरिएको साधारण शेयर नेपाल स्टक एक्सचेन्ज लि. मा सूचिकरण गराई सि.डि.एस. एण्ड क्लियरिङ्ग लि.मा दर्ता गराई धितोपत्र खरिद/बिक्रीको व्यवस्था मिलाइने छ ।यदिजिल्लावासी तथा सर्वसाधारणका लागि निष्काशन गर्न लागिएको रु. ६ करोड बराबरको रकम आंशिक वा पूर्ण रुपमा बिक्रि नभएमा नेपाल धितोपत्र बोर्डबाट प्रत्याभूतीकर्ताको लागि इजाजत प्राप्त प्रत्याभुतिकर्ता श्री सी.बि.आइ.एल. क्यापिटल लिमिटेडबाट खरीद प्रत्याभूति सेवा प्रदान गर्ने सम्बन्धमा मिति २०७४।०३।३० मा कम्पनी र प्रत्याभूति कर्ता बीच सम्झौता भएको छ ।

**ग.१०.च प्रत्याभूति सम्बन्धी विवरण :**

(क) **धितोपत्र प्रत्याभूति गर्ने संगठित संस्थाको नाम, ठेगाना र प्रत्याभूति गर्ने धितोपत्रको संख्या र रकमः** प्रत्याभुतिकर्ता श्री सी.बि.आइ.एल. क्यापिटल लिमिटेड, बाटुलेघर, डिल्लीबजार, काठमाडौं । प्रत्याभूति गरिएको शेयर संख्या ६००००० कित्ता र रकम रु. ६,००,००,०००।- (रुपैया छ करोड मात्र) ।

(ख) **धितोपत्र प्रत्याभूतिकर्तासँग गरिएको सम्झौताको मूख्य मूख्य बूँदाहरु :**कम्पनी र प्रत्याभूतिकर्ता श्री सी.बि.आइ.एल. क्यापिटल लिमिटेड, बाटुलेघर, डिल्लीबजार, काठमाडौं बीच मिति २०७४।०३।२० मा भएको प्रत्याभूतिकर्ता नियुक्ति सम्बन्धी सम्झौतापत्र मा भएका मुख्य बुँदाहरु निम्न रहेका छन् :

१. प्रथम पक्ष (कम्पनी)ले सर्वसाधारणमा निष्कासन गर्न लागेको रु.१००/- अंकित दरका ६,००,००० कित्ता शेयर बराबर रकम रु.६००,००,०००/- (छ करोड रुपैयाँ मात्र) दितिय पक्ष (श्री सी.बि.आइ.एल. क्यापिटल लिमिटेड)ले प्रत्याभूति गर्न मञ्जुर गर्दछ ।

२. सर्वसाधारणबाट माथि उल्लेखित निष्कासन कम्पनीको खरीद प्रत्याभुति गरिएका शेयरहरू आशिंक वा पूर्ण रुपमा खरीद नभएको अवस्थामा दितिय पक्षले प्रत्याभूती प्रतिवद्धता बमोजिम शेयर खरीद गर्न मञ्जूर गर्दछ ।

३. दितिय पक्षले यस सम्झौतापत्रको बुँदा २ बमोजिम शेयर खरीद गर्नुपर्ने अवस्था आएमा प्रत्याभूति गरिएको शेयरको रकम निष्कासन कम्पनीले माग गर्नासाथ निष्कासन कम्पनीलाई निःशर्त चुक्ता गर्न मञ्जूर गर्दछन् । त्यसैगरी, दितिय पक्षले निष्कासन कम्पनीलाई रकम भुक्तान गरेपछि निष्कासन कम्पनीलाई सो रकम बराबरको शेयर स्वामित्व प्रचलित कानून बमोजिम दितिय पक्षको हितग्राही खातामा उपलब्ध गराउन मञ्जुर गर्दछ ।

४. पक्षहरुको काबु बाहिरको परिस्थिती, नियमनकारी निकायले निष्कासन कम्पनीलाई नियन्त्रणमा लिएमा, नियामक निकायले तत्कालै सुधारको निमित्त कारवाही प्रारम्भ गर्ने निर्देशन दिएमा, दामासाहीमा जाने निर्णय गरेमा, टाट उल्टेमा, सञ्चालन इजाजतपत्र निलम्बन वा खारेज भएमा, कुनै पनि अनियमितताको अनुसन्धान भएमा जस्ता कुनै असाधारण अवस्था उत्पन्न भएमा सम्झौतापत्र मान्य हुने अवधि वा खरीद प्रत्याभूति सम्झौता कार्यान्वयन हुनु अगावै कुनैपनि विन्दुमा यस सम्झौतापत्र खारेज भएको मानिनेछ । साथै, निष्कासन कम्पनीले नेपाल धितोपत्र बोर्डमा पेश गरेको विवरणपत्रमा उल्लेखित विवरणहरु पर्याप्त नभएको वा कुनै विवरण पेश नगरेको कारण धितोपत्रको निष्कासन प्रभावित भई प्रत्याभूति गर्नुपर्ने अवस्था आएमा प्रत्याभूतिकर्ताहरु प्रत्याभूत गर्न बाध्य हुने छैनन् । तर कम्पनीको

नेपाल स्टक एक्सचेञ्ज लिमिटेडमा हुने शेयरको कारोवारको सिलसिलामा बजार मूल्यमा हुने घटी बढीको कारणबाट हुने जोखिम वहन गर्न प्रत्याभूतिकर्तामञ्जुर गर्दछन् ।

**ग.१०.छ आवेदन दिंदा ध्यान दिनु पर्ने कुराहरु :**

(क) **धितोपत्रवालाको अधिकार तथा प्रतिबन्धात्मक व्यवस्थाहरु जस्तै मताधिकार, लाभांश, हकप्रद शेयर, धितोपत्रवालाको अधिकारमा परिवर्तन गर्ने प्रकृया तथा धितोपत्रको खारेजी आदि सम्बन्धी विवरण :** यस विवरण-पत्र अनुसार निष्कासन गरिने साधारण शेयरको बाँडफाँटमा परेका शेयरधनीहरुको अधिकार तथा प्रतिबन्धात्मक ब्यबस्थाहरु जस्तै मताधिकार, लाभांश, हकप्रद शेयर, धितोपत्रवालाको अधिकारमा परिवर्तन गर्ने प्रकृया तथा धितोपत्रको खारेजी आदि सम्बन्धी ब्यबस्थाहरु प्रचलित कानून बमोजिम हुनेछ ।

(ख) **नियमावली, प्रबन्धपत्र प्राप्त गर्ने वा हेर्न सक्ने ठाउँ, भुक्तानी गर्ने तरिका, लिनुपर्ने न्यूनतम धितोपत्र संख्या र सो भन्दा माथि लिने भएमा कुन गुणाङ्कमा लिन सक्ने हो सो सम्बन्धी विवरण :**

१. यस कम्पनीको प्रबन्धपत्र तथा नियमावली कार्यालय समयभित्र कम्पनीको रजिष्टर्ड कार्यालय, वडा नं.३२, अनामनगर, काठमाण्डौं वा धितोपत्र निष्कासन तथा बिक्री प्रबन्धक सि.बि.आई.एल. क्यापिटल लिमिटेडको कार्यालय, डिल्लीबजार, काठमाण्डौंमा सम्पर्क राखि हेर्न वा प्राप्त गर्न सकिनेछ ।

२. यस विवरण-पत्र मार्फत निष्कासन गरिने साधारण शेयर खरिदका लागि दरखास्त दिँदा दरखास्तवालाले दरखास्तसाथ आफुले खरिद गर्न चाहेको साधारण शेयर संख्याको प्रति साधारण शेयर रु.१००/–का दरले हुन आउने एकमुष्ट रकम यस निष्कासनको लागि तोकिएको संकलन केन्द्रहरुमा जम्मा गरी सो को सक्कल भौचर वा बैंक ड्राफ्ट संलग्न गरी दरखास्त दिनु पर्नेछ ।

३. यस विवरण-पत्र मार्फत निष्कासन गरिने साधारण शेयरको लागि दरखास्त दिँदा दरखास्तवालाले कम्तीमा ५० (पचास) कित्तासाधारण शेयरको लागि दरखास्त दिनु पर्नेछ । यदि कुनै दरखास्तवालाले ५० कित्ता भन्दा बढी शेयरको लागि दरखास्त दिन चाहेमा १० अंकको गुणाङ्कमा अधिकतम १,००० (एक हजार) कित्तासाधारण शेयर खरिद गर्नका लागि धितोपत्र बाँडफाँट निर्देशिका २०७४ को दफा २१(२) बमोजिम दरखास्त दिनु पर्नेछ ।

(ग) **आवेदन दिंदा पालना गर्नुपर्ने शर्त बन्देजहरु जस्तै एक भन्दा बढी दरखास्त दिन नपाइने, लगानीकर्ताको पहिचानको लागि नागरिकता/जन्मदर्ताको प्रमाणित प्रमाणपत्रको प्रतिलिपि पेश गर्नुपर्ने वा धितोपत्र दलाल व्यवसायीले दिएको ग्राहकको परिचय नम्बर र सम्बन्धित व्यवसायीको नाम खुलाउनुपर्ने र बैंक खाता मार्फत कारोबार गरिनुपर्ने जस्ता पक्षहरु :**

संखुवासभा जिल्लाको आयोजना प्रभावित क्षेत्रका स्थानीय बासिन्दाहरुले यस विवरण-पत्र मार्फत निष्कासन गरिने साधारण शेयर निम्न बमोजिम प्रकृया पुरा भएको अवस्थामा शेयर खरिद गर्न आवेदन दिन सक्नेछन् ।

१. आवेदकले दरखास्त फारममा तोकिए बमोजिम सम्पूर्ण विवरण भरी अनिवार्यरुपले हालसालै खिचेको फोटो सहित आफैले दस्तखत गरी उद्योग प्रभावित क्षेत्रका बासिन्दा प्रमाणित गर्ने स्थानिय निकायबाट जारी कागजात सहित दरखास्त फारम बुझाउनु पर्नेछ ।

२. १६ बर्ष उमेर पुगेको हकमा आवेदकले आफ्नो नागरिकता प्रमाणपत्रको प्रतिलिपी स्वयंले प्रमाणित गरी अनिवार्यरुपमा दरखास्त फारम बुझाउँदा पेश गर्नुपर्नेछ । स्थानीयको बारेमा कुनै विवाद आएमा विगत ५ बर्षदेखि स्थायीरुपमा बसोबास गरेको व्यहोरा सम्बन्धीत गा.वि.स ले सिफारिस गरेको हकमा निजलाई स्थानीयको रुपमा मान्यता दिइनेछ ।

३. १६ बर्षभन्दा कम उमेरका लागि आमा/बाबुले संरक्षक भई आवेदन दिनु परेमा नेपाल सरकारको पञ्जिकाधिकारीको कार्यालयबाट प्राप्त नाबालकको जन्मदर्ता प्रमाण-पत्रको प्रतिलिपी संरक्षकद्वारा अनिवार्य रुपमा प्रमाणित गरी आवेदनसाथ पेश गर्नुपर्नेछ । साथै दरखास्त फारममा संरक्षकको नागरिकता प्रमाणपत्रको प्रतिलिपी समेत संरक्षक स्वयंले प्रमाणित गरी संलग्न गर्नु पर्नेछ ।

४. विवाह भै आएका महिलाका हकमा विवाहदर्ताप्रमाणपत्रको प्रतिलिपी समेत संलग्न गरेको हुनुपर्नेछ ।

५. बसाईसराई गरि आएको हकमा विद्युत केन्द्रबाट ब्यापारिक उत्पादन शुरु भएको मिति २०६८श्रावण १ गते भन्दा अगावै बसाई सराई गरी आएको प्रमाणपत्रको प्रतिलिपी समेत संलग्न गरेको हुनुपर्नेछ ।

६. माथि उल्लेखित हुन छुटेका संखुवासभाबासी वा वितरण प्रक्रियामा विवाद आएमा सम्बन्धित गा.वि.स को सर्वदलीय संयन्त्रको निर्णय वा जिल्ला विकास समितिको सर्वदलिय संयन्त्रको निर्णय सहितको सिफारिस पत्र।

७. १६ बर्ष उमेर पुगी नागरिकता लिएको तर विवाह गरीसंखुवासभा जिल्ला छोडी अन्य जिल्ला गएका महिला एवं जिल्ला छोडि बसाई सराई गरी गएका व्यक्ति र परिवारहरुमा उल्लेखित सुरक्षित शेयर लिने अधिकार रहने छैन ।

८. आमा बाबु बाहेक अन्य व्यक्ति संरक्षक भै नावालक वा विक्षिप्त व्यक्तिको नाममा दरखास्त दिंदा कानून बमोजिम संरुक्षकत्वको प्रमाण पेश गर्नुपर्नेछ ।

९. धितोपत्र खरिद गर्नका लागी दरखास्त दिन चाहनेले तोकिएको संकलन केन्द्रमा शेयर खरिदको लागी दरखास्त बुझाउनु पर्नेछ ।

१०. आवेदन फारम बुझाउँदा दरखास्त फारममा न्यूनतम रुपमा खुल्नुपर्ने भनी तोकिएका विवरणहरु सबै स्पष्टरुपमा भरेको दरखास्त फारम बुझाउनु पर्नेछ ।

११. एक व्यक्तिले आफुले लिन चाहेको सम्पूर्ण शेयरको लागि एकवटा मात्र आवेदन गरेको हुनुपर्नेछ । यदि एकै व्यक्तिले एक भन्दा बढी आवेदन दिएको भेटिएमा निजले दिएको सबै आवेदनहरुलाई रद्द गरिनेछ ।

१२. उद्योग प्रभावित क्षेत्रका बासिन्दाबाट आवेदन माग गर्दा बसाईसराई वा अन्य कारणले बसाईसरेकाहरुले आवेदन दिन पाउने छैनन् तर दफा ५ बमोजिम बैधानिकता पाएकाहरुले आवेदन दिन पाउनेछन् ।

१३. साधारण शेयर खरिद गर्नका लागि दरखास्त दिने व्यक्ति स्वयंले दरखास्त फारममा दस्तखत गरी तोकिएको संकलन केन्द्रहरुमा साधारण शेयर खरिदका लागि दरखास्त बुझाउनु पर्नेछ । यसरी दरखास्त फारममा दस्तखत नगरेको र तोकिएका संकलन केन्द्रहरु बाहेक अन्य स्थानहरूमा दरखास्त फारम बुझाएको दरखास्त फारमलाई रद्द गरिनेछ ।

१४. उद्योग प्रभावित क्षेत्रका बासिन्दाहरुले शेयर खरिद गरेमा सर्वसाधारणका लागि सार्वजनिक निष्कासन गरिने साधारण शेयरको लागि पुनः आवेदन दिन पाउने छैनन् ।

१५. सम्पूर्ण दरखास्तवालाहरु (नावालकहरु समेत) ले अनिवार्य रुपमा आफ्नो खाता रहेको बैंक वा वित्तीय संस्थाको नाम, ठेगाना र खाता नम्बर समेत स्पष्ट रुपमा दरखास्त फारममाखुलाउनु पर्नेछ । दरखास्तवालाले दरखास्त फारममा आफ्नो खाता नम्बर उल्लेख गर्दा **Clearing House**को सदस्य भएको बैंक वावित्तीय संस्थामा भएको खाता नम्बर उल्लेख गर्नु पर्नेछ ।

१६. रु.५०,०००/-भन्दा बढी लगानी गर्ने दरखास्तवालाले दरखास्त दिंदा अनिवार्य रुपमा एकाउन्टपेयी चेक मार्फत रकम जम्मा गर्नु पर्नेछ ।

१७. रु.२ लाख सम्म रकम बराबरको आवेदन गर्ने दरखास्तवालाले स्वेच्छिक रुपमा प्यान **(PAN No.)** नम्बर दरखास्त फारममा खुलाउनसक्नेछ।

१८. यस विवरण-पत्र मार्फत निष्कासन गरिने शेयर प्राप्त गर्ने डिम्याट खाता (DMAT Account/ BOID No.) भएका आवेदकहरुलाई नीजहरुको धितोपत्र अभौतिक रुपमा उपलब्ध गराउने ब्यबस्था भएको हुँदा निजहरुले शेयर खरिदका लागि आवेदन दिँदा आफ्नो डिम्याट खाता (DMAT Account/ BOID No.) आवेदन फाराममा उल्लेख गर्न सक्ने छन् । साथैडिम्याट खाता (DMAT Account/ BOID No.)नभएका स्थानीय बासिन्दाहरुले पनि उक्त शेयरका लागि आवेदन दिन सक्नेछन् ।

**ग.११. सम्बन्धित पक्ष बीचको कारोबार सम्बन्धी विवरण :**

**निष्काशनकर्ता संगठित संस्था र निम्न लिखित पक्ष बीच विगत २ बर्षको अवधिमा कुनै प्रकारको बस्तुगत कारोवार भएको वा कुनै कारोवार गर्न प्रस्ताव गरिएको भए कारोवारमा संलग्न व्यक्तिहरुको नाम, तिनीहरुको संगठित संस्था सँगको सम्बन्ध, कारोबारको प्रकृति र रकम :**

(क) संगठित संस्थाको कार्यकारी अधिकृत वा संचालकको रुपमा रहेको व्यक्ति : कारोबार नभएको ।

(ख) आधारभूत शेयरधनी : कारोबार नभएको ।

(ग) खण्ड (क) र (ख) मा उल्लेखित कुनै व्यक्तिको एकाघर परिवार सदस्य : कारोबार नभएको ।

(घ) संगठित संस्थाको कार्यकारी अधिकृत वा संचालक वा आधारभूत शेयरधनीले ३० प्रतिशत वा सो भन्दा बढी मताधिकार हुने गरी शेयर स्वामित्व ग्रहण गरेको कम्पनी वा संगठित संस्था : सो नभएको ।

(ङ) संगठित संस्था वा त्यसको सहायक कम्पनीले हालको संचालक वा नीजको एकाघरको परिवारको सदस्यका लागि कुनै कारोवार वा सम्झौता गरेको छ भने सो वा विवरणपत्र प्रकाशन गर्नु भन्दा ३ बर्ष अगाडिको अवधिमा संस्थाको संचालक वा संचालकको एकाघर परिवारको सदस्यका लागि कुनै कारोवार वा सम्झौता गरेको भए सो कुरा : कुनै कारोवार वा सम्झौता गरेको छैन ।

(च) कुनै संचालक वा संचालकको एकाघर परिवारको सदस्यलाई कुनै ऋण दिएको वा निजसँग लिएको भए उक्त ऋण सम्बन्धी विस्तृत विवरण जस्तै ऋण बापत लिएको रकम, ऋणको ब्याजदर, ऋण लिएको मिति, ऋण भुक्तानी अवधि आदि कुरा विवरणपत्रमा खुलाउनु पर्ने : ऋण कारोबार गरेको छैन ।

**ग.१२. विदेशी लगानी र ब्यबस्थापन सम्बन्धी विवरण :**

**विदेशी लगानी र ब्यबस्थापनमा संगठित संस्था संचालन हुने भए सो को विवरणका साथै सम्बन्धित सम्झौताको मुख्य तथा तात्विक बुँदाहरु :** कम्पनीमा विदेशी लगानी र विदेशी ब्यबस्थापनमा नरहेको ।

**ग.१३. सूचीकृत संगठित संस्थाले सार्वजनिक निष्कासन गर्ने भएमा सो को विवरण :**

(क) **संगठित संस्थाको विगत ३ आर्थिक बर्षको प्रत्येक त्रैमासिक अवधिको उच्चतम, न्यूनतम, अन्तिम बजार मूल्यका साथै कारोवार भएको शेयर संख्या:** निष्कासनकर्ता कम्पनी सूचीकृत संगठित संस्था नभएको ।

(ख) **बोर्डमा विवरण-पत्र दर्ताको लागि प्रस्तुत गर्नु भन्दा ६ महिना अगाडिको अवधिको मासिक रुपमा उच्च, न्यून र अन्तिम मूल्यका साथै प्रत्येक महिनामा कारोवार भएको कुल दिन र कुल कारोबार भएको धितोपत्र संख्या :** सोनभएको।

**ग.१४ पछिल्लो सार्वजनिक निष्कासनको अनुमान तथा उपलब्धी सम्बन्धी विवरण :**

**संगठित संस्थाले यसभन्दा अगाडी धितोपत्र निष्कासन गर्दा तयार गरेको विवरण-पत्र वा अन्य विवरणहरुमा उल्लेखित गरिएका लक्ष्य तथा कार्यक्रमहरु तथा खुद मुनाफा हासिल गर्न सके/नसकेको, नसकेको अवस्थामा लक्ष्य तथा कार्यक्रमका साथै विवरणपत्र वा अन्य विवरणहरुमा प्रक्षेपित खुद मुनाफा भन्दा बीस प्रतिशत वा सो भन्दा बढीले न्यून हुन गएको भए यसरी फरक पर्नाको कारण :** हाल सम्म कुनै सार्वजनिक निष्कासन नगरिएको ।

**ग.१५. परामर्शदाता/बिशेषज्ञ सम्बन्धी विवरण:**

**(क)लेखापरिक्षक, प्रमुख बैंक, निष्कासन कार्यसँग संलग्न बैंक, प्रक्षेपित वित्तीय विवरण ठीक छ भनी प्रमाणित गर्ने विज्ञ आदिको नाम तथा ठेगाना :**

अ) यस कम्पनीको लेखापरिक्षकमा चार्टर्ड एकाउन्टेण्ट संस्था पि.डि. कार्कीएण्ड एसोसियट्स, बानेश्वर, काठमाण्डौ रहेको छ।

आ)यस निष्कासनको लागि प्रमुख बैंकको व्यबस्था गरिएको छैन ।

इ) यस निष्कासनको लागि देहायका बैंकलाई निष्कासन बैंक **(Banker to the Issue)**को रुपमा नियुक्त गरिएको छ ।

| सि.नं. | निष्कासन बैंकको नाम, ठेगाना |
|---|---|
| १. | श्री सिटिजनसबैंक इन्टरनेशनल लि., नारायणहिटीपथ, काठमाण्डौं । |
| २. | श्री ग्लोबल आई.एम.ई. बैंक लि., कमलपोखरी, काठमाण्डौं । |
| ३. | श्री प्राइम कमर्सियल बैंक लि., कमलादी, काठमाडौं । |

साथै आवश्यकता अनुसार निष्कासन वन्द भएको मितिले ३ दिनभित्र वोर्डलाई जानकारी दिई अन्य बाणिज्य बैंकहरुलाई समेत यस शेयर निष्कासनको लागि निष्कासन बैंकको रुपमा नियुक्त गर्न सकिनेछ ।

ई) यस विवरण-पत्रमा उल्लेखित वित्तीय विवरण तथा प्रक्षेपणको अनुमान तथा आधारहरु हालको जलविद्युत बजारको स्थिति, निष्कासनकर्ता कम्पनीको हालको दक्षता र निष्कासनकर्ता कम्पनीले प्राप्त गरेको हालसम्मको कार्य प्रगतिको आधारमा पुनरावलोकन गरी विवरण ठीक छ भनीचार्टर्ड एकाउण्टेण्ट संस्थाश्री पि.डि कार्की एण्ड एशोशियट्का चार्टड एकाण्टेण्ट श्री प्रचण्डध्वज कार्कीले प्रमाणित गरेको छ ।

**(ख)माथि खण्ड (क) मा उल्लेखित संस्था वा व्यक्तिसँग भएको सहमतिका मुख्य मुख्य बुँदा तथा शर्तहरुः** सो निम्न बमोजिम भएको :

१) यस कम्पनीले कन्सोर्टियम ऋण एभरेष्ट बैंक लि., नेपाल एसबीआई बैंक र प्रभु बैंक लि.बाट ऋण सम्झौता गरी हस्ताक्षर गरेको छ ।

२) कम्पनीले उपरोक्त बैंकहरुलाई यहि पौष मसान्तसम्म भुक्तानी गर्न बाँकि ऋण रु.१०,९१,४२,८३०।- रहेको छ भने उक्त ऋणको भुक्तानी अवधि आगामी ११ वर्षसम्मकायम रहेको छ ।

३) नेपाल विद्युत प्राधिकरण र यस कम्पनीले मिति २०६४।०७।२१ मा विद्युत खरीद विक्रि सम्झौतामा हस्ताक्षर भएको

४) विद्युत खरीद विक्रि सम्झौतामा प्रति युनिट वर्षा याममा रु.३।९० र सुक्खायाममा रु.५।५२ प्राधिकरणले कम्पनीलाई भुक्तान गर्ने उल्लेख गरिएको छ ।

५) यस कम्पनीले धितोपत्र निष्कासनको लागि श्री सि.वि.आई.एल. क्यापिटल लि., डिल्लीबजारलाई नियुक्त गरी कार्य अगाडि बढाएको छ ।

**ग.१६. परियोजना सम्पन्न गर्नको लागि सार्वजनिक निष्कासन बाहेक अन्य वित्तीय श्रोतहरु प्रयोग गरिएको छ/छैन, तत्सम्बन्धी विवरण:** यो परियोजना निर्माण गर्नका लागि संस्थापक शेयरधनीहरुको स्वलगानी तथा एभरेष्टबैंक लिमिटेडको अगुवाईमा प्रभु बैक लिमिटेड रनेपाल एसबीआई बैंक लिमिटेडबाट सहवित्तियकरण ऋण व्यवस्थापन गरिएको छ ।

**ग.१७. मुद्दा तथा विवाद सम्बन्धी विवरण :**

(क) संगठित संस्थाको तरलता, मौज्दात, कार्य संचालनमा तात्विक असर पर्ने खालको कुनै मुद्दामामिला वा विवाद भए सो सम्बन्धी विवरण तथा उपरोक्त मुद्दा वा विवादको कारणबाट पर्न सक्ने प्रभाव सम्बन्धमा व्यवस्थापनको धारणा:सो नभएको।

(ख) संगठित संस्थालाई असर पर्ने गरी संस्थाको संस्थापक/संचालकले वा लाई दायर गरिएको मुद्दा सम्बन्धी विवरण: सो नभएको ।

(ग) विगत पाँच वर्षमा संगठित संस्थाको कुनै संस्थापक/सञ्चालक कालो सूचीमा परेको वा कुनै नैतिक वा आर्थिक कारणबाट कुनै नियमन निकाय वा अदालतले सजाय गराएको भए, त्यस्तो संस्थापक/संचालकको नाम र सजाय गर्ने नियमन निकाय वा अदालतको नाम उल्लेख गर्नुपर्ने : सो नभएको ।

(घ) संगठित संस्था बैंक वा वित्तीय संस्थामा ऋण नतिरी डिफल्ट भएको, नियम अनुसारको शुल्क नतिरेको, धितोपत्रवालाहरुको कुनै रकम भुक्तानी नगरिएको भए तत्सम्बन्धी विवरणहरु : सो नभएको ।

**ग.१८. गुनासो सुन्ने र समाधान गर्ने प्रकृया :**

निष्काशित धितोपत्रसम्बन्धि लगानीकर्ताहरुको गुनासो तथा सुझाव सुन्न तथा सो को समाधानका लागि धितोपत्र निष्कासन तथाबिक्री प्रबन्धकको कार्यालयमा एक विशेष कक्षको व्यवस्था गरिएको छ । लगानीकर्ताहरुले देहाएको

माध्यम मार्फत आफ्नो गुनासो तथा सुझावहरु प्रेषित गर्न सक्नेछन्:
सम्पर्क व्यक्तिको नाम: सुसेन बहादुर पाण्डे
फोन नं.:४४१७७२३, फ्याक्स नं.:४२३९३०६,E-mail: info@cbilcapital. com.

ग.१९. **नगद नलिई कसैलाई धितोपत्र निष्कासन गरिएको छ भने त्यस्तो व्यक्ति वा समूहको नाम, खरीद गरिएको सम्पत्ति वा सेवा सम्बन्धी विवरण, निष्कासन गरिएको धितोपत्रको संख्या र दर सम्बन्धी विवरण :** सो नभएको ।

ग.२० **ऋणपत्र निष्कासन सम्बन्धी विवरण :**हालसम्म कम्पनीले ऋणपत्र जारी गरेको छैन ।

ग.२१. **अग्राधिकार शेयर निष्कासन सम्बन्धी विवरण :**सो नभएको ।

ग.२२ **अन्य सामान्य जानकारी :**

(क) **विशेषज्ञको कुनै राय भएमा, सो को विवरण :** सो नभएको ।

(ख) **गत तीन आर्थिक वर्ष भित्रमा कुनै संचालक, लेखापरीक्षक परिवर्तन भएको भए, सो को कारण :**

| सि.नं. | परिवर्तन भएको संचालकको नाम | परिवर्तन भएको कारण | राजिनामा स्वीकृत /बहाल अवधि समाप्त भएको मिति |
|---|---|---|---|
| १. | श्री विरेन्द्र के.सी. | राजिनामा | २०७२/३/७ |
| २. | श्री कोष राज चापागाईं | राजिनामा | २०७२/३/७ |
| ३. | श्री खगेन्द्र चुडाल | राजिनामा | २०७२/३/७ |
| ४. | श्री हिन्दु कुमार राई | राजिनामा | २०७२/३/७ |
| ५. | श्री तुलसी प्रसाद न्यौपाने | राजिनामा | २०७२/३/७ |
| ६. | श्री उमेश कुमार डाँगी | राजिनामा | २०७२/३/७ |
| ७ | लेखा परीक्षक श्री जे.पी. पाण्डे एण्ड एसोसिएटस् | वार्षिक साधारण सभाबाट परिवर्तन गरिएको | आ.व. २०७२।०७३ |

(ग) **कम्पनी सचिवको नाम, ठेगाना र योग्यता :**

कपिलवस्तु जिल्ला, मोतीपुर गा.वि.स. वडा नं. ५,चप्परगाउँ निवासी वाणिज्य शास्त्रमा स्नातक शैक्षिक योग्यता हासिल गरीलेखा क्षेत्रमा ४ बर्ष र जलविद्युत क्षेत्रमा करिब ३ वर्षको कार्य अनुभव हासिल गर्नु भएका श्री बिकाश गिरीयस कम्पनीको कम्पनी सचिवको रुपमा कार्यरत हुनुहुन्छ ।

(घ) **सार्वजनिक निष्काशन गर्नका लागि संचालक समितिबाट भएको निर्णय सम्बन्धी विवरण :**

कम्पनीको मिति २०७३/११/०१ गते बसेको संचालक समितिको बैठकबाट सर्वसाधारणको लागि छुट्टाइएको रु.१००/–अंकित दरको ६,००,०००कित्ता साधारण शेयर मध्ये रु.२,००,००,०००/– बराबरको रु.१००/–अंकित दरको २,००,००० कित्ता साधारण शेयर आयोजना प्रभावित क्षेत्र (उद्योग प्रभावित क्षेत्र) संखुवासभाजिल्लाको चैनपुर नगरपालिका वडा नं. १५ (साविक बानेश्वर गा.वि.स. वडा नं. ५)बासिन्दाहरुका लागि निष्काशन गरिने निर्णय गरिएको छ । साथै सो कार्यको लागि सि.बि.आई.एल क्यापिटल लि., डिल्लीबजार, काठमाण्डौंलाई धितोपत्र निष्कासन तथा बिक्री प्रबन्धकमानियुक्त गर्ने निर्णय गरेकोछ ।

(ङ) **संगठित संस्था वा यसका शेयरधनीलाई कुनै विशेष कर सुविधा दिइएको भए, सो सम्बन्धी विवरण :** यो कम्पनी जलविद्युत उत्पादक कम्पनी भएकोले आर्थिक विधेयक २०७३।०७४ को दफा ३० ले आयकर ऐन, २०५८ मा संसोधन गरी दफा ३घ मा उल्लेख भए बमोजिम बि.सं. २०८० साल चैत्रसम्म व्यापारीक रुपमा जलविद्युत उत्पादन, प्रसारण वा वितरण शुरु गर्ने अनुमति प्राप्त व्यक्ति वा नियकाले पहिलो दश वर्ष पुरै आयकर छुट पाउने र त्यसपछिको पाँच वर्षसम्म ५० प्रतिशत आयकर छुट पाउने छ ।

(च)**संगठित संस्थाको पछिल्लो आर्थिक वर्षको लेखापरीक्षण भएको वासलात, नाफा नोक्सान हिसाव र नगद प्रवाह विवरण प्राप्त गर्न वा हेर्न सक्ने ठाउँ र समय :**

कार्यालय समयभित्र निम्नलिखित स्थानहरुमा कम्पनीको पछिल्लो आर्थिक वर्षको लेखापरीक्षण भएको वासलात, नाफा-नोक्सान हिसाव तथा नगद प्रवाहको विवरण प्राप्त गर्न वा निरीक्षण गर्न सकिनेछ ।

१.कम्पनीको रजिष्टर्ड (केन्द्रीय) कार्यालय, वडा नं.३२, अनामनगर, काठमाण्डौं ।

२. धितोपत्र निष्कासन तथा बिक्री प्रवन्धक श्री सि.बि.आई.एल. क्यापिटल लिमिटेड, डिल्लीबजार, काठमाण्डौं ।

(छ) **बोनस शेयर सम्बन्धी व्यवस्था :**

हालसम्म बोनस शेयर जारी गरिएको छैन। भविष्यमा प्रचलित ऐन र नेपाल धितोपत्र बोर्डको धितोपत्र निष्कासन तथा बाँडफाँट निर्देशिका, २०७४ को अधिनमा रही बोनस शेयर जारी गर्न सक्नेछ ।

(ज) **शेयरवाला, कर्मचारी वा अरु कसैको लागि शेयर सुरक्षित गर्ने व्यवस्था गरिएको भएमा सो कुरा :**

यस विवरण-पत्रमार्फत निष्कासन गरिने २,००,०००कित्ता साधारण शेयर आयोजना प्रभावित क्षेत्र (उद्योग प्रभावित क्षेत्र) संखुवासभा जिल्लाका बासिन्दाहरुका लागि निष्कासन गरिएको छ । यस विवरण-पत्र मार्फत निष्कासन गरिने साधारण शेयर सबै बिक्री हुन नसकी बाँकी रहेमा त्यस्तो बाँकी रहेको शेयरहरु सर्वसाधारणहरुलाई थप गरी बिक्री गर्न सकिनेछ ।

**(झ) कम्पनीले कम्पनी ऐनले गरेको व्यवस्थाहरु, आफ्नो कारोबारसँग सम्बन्धित ऐन, नियम तथा नियमन व्यवस्था पूर्ण पालना गरेको सम्बन्धमा गरेको उद्घोषण :**

कम्पनीले कम्पनी ऐन, २०६३ ले गरेको व्यवस्थाहरु, आफूले गर्ने व्यवसायसँग सम्बन्धित ऐन, नियम तथा नियमन व्यवस्था तथा नियमन निकायहरुले दिएको निर्देशनहरुको पूर्ण रुपमा पालना गरेको छ र सोही निर्देशनहरुको दायरा भित्र रही कार्य गरिरहेको र यस विवरण-पत्रमा उल्लेख गरिएको विवरणहरु समेत सोही अनुरुप तयार गरिएको हो भन्ने कम्पनीको उद्घोषण रहेकोछ ।

**(ञ) धितोपत्र बिक्री वितरण सम्बन्धी व्यवस्था :**

यस विवरण-पत्र मार्फत निष्काशित साधारण शेयर बिक्री वितरणका लागिआयोजना प्रभावित क्षेत्र (उद्योग प्रभावित क्षेत्र) संखुवासभा जिल्लामा आयोजना प्रभावित क्षेत्रमा कम्तिमा चार संकलन केन्द्रको ब्यबस्था गरी आवदेन फारम तथा विवरणपत्र वितरण र आवेदन फारम सहित दरखास्त रकम बुझिलिने ब्यबस्था गरिनेछ ।

**(ट)क्रेडिट रेटिङ्ग सम्बन्धी ब्यबस्था :**

यस विवरण-पत्र मार्फत उद्योग प्रभावित क्षेत्र संखुवासभा जिल्लाका लागि निष्कासन गर्नका लागि ईक्रा नेपाल लि. बाट "कमजोर आधारहरु जनाउने ईक्रा एनपि आइपिओ ग्रेड ५" प्राप्त गरेको छ । यसले कम्पनीको कमजोर आधार जनाउँछ ।

**(ठ) विवरणपत्र तयार गर्ने व्यक्तिको नाम, थर, शैक्षिक योग्यता र अनुभवको विवरण :**यस विवरणपत्र तयार पार्ने व्यवसायिक संस्थामा बिक्री प्रबन्धक श्री सि.बि.आई.एल. क्यापिटल लिमिटेड, डिल्लीबजार, काठमाण्डौं रहेकोछ।

**(ड) सकारात्मक पक्षहरु :**

१)आयोजनाबाट प्राप्त हुने आयमा १० बर्ष (२०७९ साल आषाढ सम्म) आयकर छुट तथा सो पश्चात ५ बर्षसम्म ५० प्रतिशत आयकर छुट प्राप्त भएको हुँदा लाभाशं दर बढी रहेको ।

२) कम्पनीसँग दक्ष युवा जनशक्ति रहेकोले यो कम्पनी नेपालमा जलविद्युत आयोजनाको विकास र निर्माणको काममा सफल रहेको।

३) जलविद्युतको क्षेत्रमा अध्ययन अनुसन्धान तथा विकास कार्यमा योजनाबद्ध ढंगले समर्पित भएर काम गरिरहेको यस कम्पनीको भविष्य उज्ज्वल रहेको ।

**(ढ) धितोपत्र निष्कासन नियमावली, २०७३ को नियम ९ को उपनियम ३ का व्यवस्थाहरु देहाय बमोजिम रहेको छ :**

(१) आफ्नो उद्देश्य अनुसार कारोवार संचालन गर्नका लागि आवश्यक कार्यहरु अगाडि बढाई एक वर्षको अवधि पूरा गरेको : कम्पनीले मिति २०७२ साल पौष १४ गते नेपाल सरकार, कम्पनी रजिष्टारको कार्यालयमा दर्ता प्रा.लि.बाट पब्लिक लिमिटेडमा परिणत भई आफ्नो उद्देश्य अनुसारको कारोवार संचालन गरिरहेको छ ।

(२) प्रचलित कानून बमोजिम लेखापरीक्षण तथा साधारण सभा सम्पन्न गरेको : कम्पनीले पछिल्लो पटक मिति२०७४ साल फाल्गुन १६ गते साधारण सभा सम्पन्न गरी आ.व. २०७३।०७४ सम्मको लेखापरिक्षण प्रतिवेदन पारित गरिसकेको छ । उक्त साधारण सभाले श्री पि.डि. कार्की एण्ड एसोसिएटस्लाई आ.व. २०७४।०७५ को लागि लेखापरिक्षक नियुक्त गरियो ।

(३) आफ्नो उद्देश्य अनुसार कारोवार संचालन गर्नका लागि प्रचलित कानून बमाजिम कुनै निकायबाट इजाजत, अनुमति वा स्वीकृति दिनुपर्ने भएमा त्यस्तो इजाजत अनुमति वा स्वीकृति लिइसकेको : कम्पनीले तल्लो पिलुवा खोला साना जलविद्युत आयोजनाको लागि २०६५।०१।०३ मा विद्युत विकास विभागबाट विद्युत उत्पादनको अनुमतिपत्र प्राप्त गरी आयोजना निर्माण सम्पन्न गरेको छ ।

(४) संगठित संस्थाको लागि आवश्यक पर्ने जग्गा खरिद गरी पावरहाउस, कर्मचारी आवासघर एवं कार्यालय भवन, गोदामघर तथा अन्य आवश्यक सुविधाहरुको निर्माण कार्य सम्पन्न भइसकेको : कम्पनीले तल्लो पिलुवा खोला साना जलविद्युत आयोजनाको लागि आवश्यक पर्ने जग्गा खरिद गरी पावर हाउस, कर्मचारी आवासघर एवं कार्यालय भवन, गोदामघर तथा अन्य आवश्यक संरचनाहरु निर्माण सम्पन्न भइसकेको छ ।

(५) उत्पादनको प्रविधि छनौट गरी उद्योगको लागि आवश्यक पर्ने यान्त्रिक उपकरण तथा त्यसका पार्टपुर्जा आदि खरिद गर्नुपर्ने सम्पूर्ण प्रक्रिया पूरा भइसकेको : कम्पनीले तल्लो पिलुवा खोला साना जलविद्युत आयोजनाको लागि आवश्यक पर्ने यान्त्रिक उपकरण तथा त्यसका पार्टपुर्जा आदि खरिद गर्नुपर्ने सम्पूर्ण कार्य सम्पन्न भइसकेको तथा विगत २०६८ साल देखि विद्युत उत्पादन गरिरहेको ।

(६) धितोपत्रको सार्वजनिक निष्कासन सम्वन्धमा निष्काशन तथा विक्री प्रबन्धकसँग सम्झौता भई सकेको : कम्पनीको प्रवन्धपत्रमा उल्लेख भइ अनुसारको साधारण शेयर सर्वसाधारणमा निष्कासन गर्नका लागि निष्कासन तथा विक्री प्रवन्धक श्री सि.वि.आई.एल. क्यापिटल लि., बाटुलेघर, डिल्लीबजार, काठमाण्डौंसँग सम्झौता गरिएको छ ।

(७) आयोजनानिर्माण अवधिभर कम्पनीको ऋण र पूँजीको अनुपात धितोपत्र निष्कासन निर्देशिकामा तोकिए बमोजिम राख्न सहमत भएको : तल्लो पिलुवा खोला साना जलविद्युत आयोजना निर्माण अवधिभर कम्पनीको ऋण र पूँजीको अनुपात धितोपत्र निष्कासन तथा बाँडफाँट निर्देशिका, २०७४ मा तोकिए बमोजिम राख्न सहमत छौं ।

(८) संस्थापकहरुले लिन कबुल गरेको धितोपत्रको रकम शत प्रतिशत चुक्ता भैसकेको : संस्थापकहरुको आफूले लिन कवुल गरेको १४ लाख कित्ता शेयर कित्ताको प्रति शेयर रु.१००।- (का दरले रु.१४,००,००,०००।- (अक्षरेपी रु चौध करोड मात्र) शतप्रतिशत चुक्ता भईसकेको छ ।

(९) परियोजना निर्माणका लागि फाइनान्सियल क्लोजर (Financial Closure) भैसकेको : तल्लो पिलुवा खोला साना जलविद्युत आयोजनाको लागि श्री एभरेष्ट बैक लिमिटेडको अगुवाइमा मिति ८ जुलाइ २००८ मा सहवित्तियकरण मार्फत फाइनान्सियल क्लोजर भइसकेको छ ।

(१०) जलविद्युत उत्पादन संस्था भएमा, विद्युत खरिद सम्झौता गरिसकेको : तल्लो पिलुवा खोला साना जलविद्युत आयोजनाको लागि सम्पूर्ण कार्य सम्पन्न भइसकेको र श्री नेपाल विद्युत प्राधिकरणसंग मिति २०६४ कार्तिक २१ मा विजुली खरीद विक्रि संझौता सम्पन्न भैसकेको ।

(११) सर्वसाधारणमा निष्कासन गर्न लागेको शेयरहरु धितोपत्र निष्कासन निर्देशिकामा तोकिए बमोजिम प्रत्याभूति गराएको : सर्वसाधारण (स्थानिय बासिन्दा) हरुका लागि निष्कासन गर्न लागेको शेयरमा प्रत्याभूति नगरिएको ।

**(ण) धितोपत्र बिक्री खुल्ला अवधि :**

यस विवरण–पत्रमार्फत निष्कासन गरिनेउद्योग प्रभावित क्षेत्रका बासिन्दालाई निष्कासन गरेको शेयर कम्तीमा पन्ध्र (१५) दिन र बढीमा तीस (३०) दिन खुल्ला राख्नु पर्नेछ ।

**ग.२३. यस विवरण-पत्रमा प्रकाशित तथ्य तथा विवरणहरु ठीक दुरुस्त छन, सो मा कुनै फरक परेमा हामी संचालकहरु पूर्ण रुपमा जिम्मेवार हुनेछौं भनी सही छाप गर्ने संचालक तथा विज्ञहरुको नाम तथा दस्तखत ।**

| सि.नं. | संचालकहरुको नाम | पद | दस्तखत |
|---|---|---|---|
| १. | श्री डा.भोगेन्द्र कुमार गुरागाई<br>(प्रतिनिधी : हाइल्याण्ड होल्डिङ्गस प्रा.लि.) | अध्यक्ष | |
| २. | श्री जमुना पौड्याल<br>(प्रतिनिधी : रिभर फल्स पावर लि.) | संचालक | |
| ३. | श्री मित्रलाल श्रेष्ठ | संचालक | |
| ४. | श्री सुभाष अमात्य,<br>थापाथली, काठमाण्डौं ।<br>(प्रतिनिधी : सनराईज होल्डिङ्गस् प्रा.लि.) | संचालक | |

ग.२४ निष्कासन तथा बिक्री प्रबन्धकको प्रस्तुत गरेको प्रतिबद्धता पत्र (ड्यु डेलिजेन्स् सर्टिफिकेट) को प्रति :

CBIL CAPITAL LTD.
सि.बि.आई.एल.क्यापिटल लि.
A Subsidiary of Citizens Bank International Ltd.
नेपाल सरकार कम्पनी रजिष्ट्रारको कार्यालयमा दर्ता नं. ९४५।०६२।०६३

साबिकको नेसनल ईन्भेष्टमेन्ट एण्ड क्यापिटल मार्केट लिमिटेड
**Corporate Office:** Batule Ghar, Dillibazar, Kathmandu-33
Ph: 01 4418667, 01 4417723, 01 4239392, 01 4239393
Fax: 01 4239306, Email: info@cbilcapital.com
Website: www.cbilcapital.com

चलानी नं.: २३३/०७३/०७४

मिति : २०७४/०३/१८

**श्री नेपाल धितोपत्र बोर्ड**
**संस्थागत वित्त विभाग**
**जावलाखेल, ललितपुर ।**

**विषय : ड्यु डेलिजेन्स् सर्टिफिकेट बारे ।**

महाशय,

रजिष्ट्रर्ड कार्यालय बागमति अञ्चल, काठमाण्डौं जिल्ला, का.म.न.पा.वडा नं.३२, अनामनगर, काठमाडौंमा रहेको **शुभम पावर लिमिटेडले** सर्वसाधारण (स्थानिय बासिन्दा) हरुका लागि निष्कांसन गर्न लागेको रु.१००/- अङ्कित दरका २,००,००० कित्ता शेयरहरु जारी गर्न निष्कासन तथा बिक्री प्रवन्धकको रुपमा सेवा दिन हामी मन्जुर गर्दछौं । सर्वसाधारण (स्थानिय बासिन्दा)हरुका लागि शेयरहरु निष्कासन गर्ने क्रममा धितोपत्र सम्वन्धी ऐन, २०६३ मा भएको व्यवस्था अनुसार साधारण शेयर बिक्री वितरण गर्ने व्यवस्था मिलाईनेछ । यस निष्कासन सम्वन्धमा देहायका कुराहरु जानकारी गराउंदछौं ।

१. कम्पनीको "विवरणपत्र" मा उल्लेख गरिएका विवरण तथा जानकारीहरु हामीलाई उक्त कम्पनीबाट प्राप्त जानकारी अनुरुप तथ्यगत, पूर्ण र सही भएको र यसबाट लगानीकर्ताहरुलाई लगानी सम्वन्धमा सही निर्णय लिन मद्दत हुने देखिन्छ । साथै कम्पनीको व्यवस्थापकीय, प्राविधिक र आर्थिक पक्षको विश्लेषणात्मक अध्ययन गर्दा कम्पनीले गरेको वा गर्न लागेको व्यवसाय सम्वन्धमा हाम्रो सकारात्मक धारणा रहेको छ ।
२. प्रचलित धितोपत्र कारोवार सम्वन्धि कानून अनुसार पेश गर्नुपर्ने सम्पूर्ण कागजात र विवरणहरु प्रमाणित गरी तहां पेश गरिएको र प्रत्येकको एक - एक प्रति सार्वजनिक जानकारीको लागि यस कार्यालयमा राखिएको छ ।
३. हाम्रो विचारमा कम्पनीद्वारा निष्काशित धितोपत्र, धितोपत्र सम्वन्धी ऐन, २०६३ तथा नेपाल स्टक एक्सचेन्ज लिमिटेडको प्रचलित धितोपत्र सूचीकरण सम्वन्धी व्यवस्था बमोजिम सूचीकरण हुन योग्य छन् ।
४. कम्पनीले निष्कासन गर्न लागेको साधारण शेयरका लागि आवेदन दिने आवेदकहरुलाई "विवरणपत्र" तथा दरखास्त फारम सरल तरिकाबाट वितरण गर्ने तथा अन्य जानकारी उपलव्ध गराउने सम्वन्धमा कम्पनीसंग समन्वय गरी आवश्यक व्यवस्था मिलाउने छौं।
५. हामीले त्यस बोर्डबाट जारी गरिएको धितोपत्र दर्ता तथा निष्कासन नियमावली, २०७३ मा उल्लेख सबै कुराहरुको अध्ययन गरेका छौं । उक्त व्यवस्थाहरुसंग अनुरुप हुने गरी कम्पनीले भरेको विवरण र दिएको जानकारी सन्तोषजनक पाएका छौं ।

**धितोपत्र निष्कासन तथा बिक्री प्रबन्धक :**
सि.बि.आई.एल. क्यापिटल लिमिटेडको तर्फबाट

नाम : समिर प्रसाद दहाल

पद : प्रमुख कार्यकारी अधिकृत
सही:

कार्यालयको छाप

नेपाल धितोपत्र बोर्डबाट : निष्कासन तथा बिक्रि प्रबन्ध, धितोपत्र प्रत्याभूति,शेयर रजिष्ट्रेशन र लगानी व्यवस्थापन कार्य गर्न अनुमति पत्र प्राप्त ।

ग.२५ विवरण-पत्र, वित्तीय विवरण तथा अन्य कुनै कुरामा विज्ञले राय दिएको भए सो सम्बन्धी पत्र :


# P.D. KARKI & ASSOCIATES

CHARTERED ACCOUNTANTS

3rd Floor, SMS Plaza
Old Baneshwor, Kathmandu, Nepal
Ph: 01-4486185, 9851193278
Email: caprachandakarki@gmail.com
caprachanda_karki@yahoo.com
Web : www.efsnepal.com

Firm Regd. No – 617
PAN: 106491328


## TO WHOM IT MAY CONCERN

We hereby certify that the Projected Financial Statement Comprising Balance Sheet and Income Statement for the Financial Years - 2074/75 to 2088/89 of **Shuvam Power Limited** for the purpose of issue of Initial Public Offering (IPO) of Shares on the basis of assumptions undertaken by the management.

The assumptions and the projections have been prepared by the management of company and we have assumed no responsibility for the reasonableness of such assumptions. The assumptions for financial projection taken by the management are as follows;

1) Share Capital of Rs 60,000,000.00 has been increased in F/Y 2074/75 as the company is proposing to issue, Initial Public Offerings (IPO) for that amount including issue to local and general public,
2) The amount collected from IPO has been utilized for payment of secured loans.
3) No any additions of fixed assets have been projected. Depreciation has been projected as per company policy and past trend.
4) Receivables have been projected for 2 months of the revenue amount.
5) Loans Advances & Deposits, Cash & Bank Balances and Current Liabilities & Payables have been projected on the basis of past trend.
6) Dividends to be distributed have not been projected for any fiscal years.
7) Income from Power Sales has been projected on the basis of Power Purchase Agreement (PPA) with Nepal Electricity Authority (NEA) and past trend.
8) Royalty expenses on electricity generation have been projected on the basis of PPA.
9) Plant Operation Expenses have been increased by 3% every year.
10) Admin expenses increased by 3% every year.
11) Staff bonus has been projected at 2% of profit for every year.
12) Income tax has been projected as per Income Tax Act, 2058.

In case the assumptions considered by the management varies with actual figures in future, the financial statements shall also vary accordingly.

**For P.D. Karki & Associates**

**Prachand Dhoj Karki**
**Proprietor**
**Chartered Accountant**
Date: 20th Feb, 2018